# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक १८८ | काठमाडौं | बिहीबार, १५ कात्तिक २०८१ | Prabhab National Daily | Thursday, October 31, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



**शुभ दीपावली, नेपाल सम्वत् र छठ** पर्वको अवसरमा आम पाठक, लेखक, स्तम्भकार, विज्ञापनदाता, शुभेच्छुक एवं देश विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**प्रभाव दैनिक**

*तथा*

**प्रभाव पब्लिकेसन प्रा.लि. परिवार**




**तिहारको लहर** | रूपन्देहीको तिलोत्तमा नगरपालिका–४ स्थित डिंगनगरमा क्षितिज नमूना कृषक समूहले तिहारलाई लक्षित गरी १५ कठ्ठा जमिनमा लगाएको सयपत्री फूल बिक्रीका लागि टिप्दै ।

*तस्बिरः सुमित्रा अधिकारी/रासस*

# विवादैविवादमा ओली

- विवादित व्यवसायीबाट पार्टी कार्यालयका लागि स्वार्थ बाझिनेगरी जग्गा दान स्वीकार
- कुलमान घिसिङलाई हटाउन जोड
- विद्युत् महसुल नतिर्ने उद्योगीको पक्षपोषण
- स्काउटको जग्गा हडपेका ऊर्जामन्त्री खड्काको होटल उद्घाटन
- पार्टीमा 'अभिव्यक्ति स्वतन्त्रता' कुण्ठित गर्दै अधिनायकवादको अभ्यास
- काठमाडौंका मेयर बालेनसँग अनावश्यक टकराव
- विपद्मा सरकारको उद्धार र राहत कार्य निस्प्रभावी



■ **जेबी योञ्जन**

**काठमाडौं–** प्रधानमन्त्री केपी शर्मा ओलीको सत्तारोहणसँगै उनी र उनको दल नेकपा एमाले विवादैविवादको चङ्गुलमा फसेका छन् । मौजुदा कानुनप्रति आँखा चिम्लिँदै चालेका कदमले ओलीसँगै उनको दल एमालेसमेत विवादित बनेको हो ।

ओलीका कतिपय विवादित कदमलाई त न्यायालयमा कानुनी चुनौतीसमेत दिइएको छ । केही त अराजकतासँग जोडिएको विवाद छन् र केही चाहिँ जनताको नजरमा राम्रा देखिएका कर्मचारी र जनप्रतिनिधिमाथि प्रहार गर्दा पनि ओली विवादित बनेका छन् ।

पछिल्लोपटक ओली र उनको दल एमाले सर्वाधिक विवादित बनेको कर छलीको आरोपी व्यवसायी मीनबहादुर गुरुङबाट १० रोपनी १४ आना जग्गा पार्टी कार्यालयका लागि लिएपछि हो । भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङले जग्गा दिएको काठमाडौंको कीर्तिपुरस्थित मैत्रीनगरमा हो । जुन जग्गा कालु गुरुङ दम्पतीको भएको खुलेको छ । र, यो विवाद सर्वोच्च पुगेको छ । विवाद निरूपण हुन बाँकी छ ।

तर, यही १२ कात्तिकमा मुद्दाको प्रारम्भिक सुनुवाइ गर्दै सर्वोच्चले जग्गा लेनादेना राजनीतिक दलसम्बन्धी ऐनअनुसार प्रथम दृष्टिमै कानुन प्रतिकूल रहेको ठहर गरेको छ । कानुनका जानकारहरूका अनुसार प्रथम दृष्टिमै कानुनअनुकूल देखिएन भन्नुको अर्थ गुरुङले जग्गा दिने र स्वार्थ बाझिनेगरी प्रधानमन्त्रीकै दल एमालेले लिने कदम कानुनीरूपमा एकप्रकारले खारेज भएको मान्न सकिन्छ ।

यद्यपि, यसबारे यही २६ कात्तिकमा मुद्दाका पक्ष र विपक्षलाई अन्तरिम आदेशबारे सर्वोच्चले छलफलमा बोलाएको छ । यसबारे विपक्षी दलहरूबाट मात्रै होइन, जनस्तरबाट विरोध भयो । 'अभिव्यक्ति स्वतन्त्रता' कुण्ठितजस्तै रहेको एमालेमा पनि तीन नेताले विरोध गर्ने हिम्मत जुटाए, । तीन नेतामा पर्छन्– भीम रावल, विन्दा पाण्डे र उषाकिरण तिम्सिना ।

यी नेताहरूले पार्टी कार्यालय एमाले आफैंले निर्माण गर्ने भनेर निर्णय गरेको सन्दर्भमा स्वार्थ बाझिएका व्यवसायीबाट जग्गा लिनु र उनीबाटै पार्टी कार्यालय बनाउन लगाउने भन्ने कुराको विरोध गरे ।

(क्रमशः पृष्ठ २ मा)

# कार्यकर्ता भर्ती केन्द्र बनेको भूमि आयोग पुनः गठन

## अध्यक्षमा एमाले नेता हरि रिजाल, उपाध्यक्षमा कांग्रेसका सनतकुमार कार्कीले हात पारे चिट्ठा

- यसअघि विभिन्न नाममा गठन भएको आयोगलाई कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एमालेले कार्याकर्ता भर्तीकेन्द्र बनाएको थियो
- अध्यक्ष हरि रिजाल एमाले कोटाबाट र उपाध्यक्ष सनतकुमार कार्की कांग्रेसको कोटामा बने आयोगको पदाधिकारी
- ३३ वर्षमा सरकारले गठन गरेको १७औं आयोग हो यो, वार्षिक ४० करोड खर्चिने आयोगले यसअघि अर्बौं खर्च गरिसकेको छ ।



हरि रिजाल




■ **प्रभाव संवाददाता**

**काठमाडौं–** सरकारले कामै नगर्ने तर कार्यकर्ता पोसेर सरकारी ढुकुटी रित्याउने गरी फेरि पनि भूमि समस्या समाधान आयोग गठन गरेको छ । मंगलबारको मन्त्रिपरिषद् बैठकले उक्त आयोग गठन गरेको स्वास्थ्यमन्त्री प्रदीप पौडेलले पुष्टि गरे । 'मन्त्रिपरिषद्ले भूमि समस्या समाधान आयोग गठन गर्ने निर्णय गरेको छ,' मन्त्री पौडेलले भने ।

यसअघि विभिन्न नाममा गठन भएको आयोगलाई कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेकपा एमालेले कार्याकर्ता भर्तीकेन्द्र बनाएको थियो ।

(क्रमशः पृष्ठ २ मा)

### कार्यकर्ता पोस्न अर्बौं खर्च

कार्यकर्ता पोस्नका लागि गठन भएको यो आयोगमा वार्षिक ४० करोड रूपैयाँसम्म खर्च हुने तथ्यांक छ । आयोगका पदाधिकारीको तलबभत्तामै सबैभन्दा धेरै खर्च हुने हो । आयोगका अध्यक्षले राज्यमन्त्रीसरहको तलब सुविधा पाउँछन् भने अरु पदाधिकारीले सचिवसरहको तलब सुविधा पाउने व्यवस्था रहेको छ । आयोगमा ७७ जिल्लामा पार्टीका कार्यकर्तालाई अध्यक्ष र पदाधिकारी बनाउने गरिन्छ ।

जिल्ला अध्यक्षले उपसचिवसरहको तलब पाउँछन् । भूमिसुधार मन्त्रालयबाटै गर्न सकिने कामलाई राज्यको करोडौं खर्च हुनेगरी नेता कार्यकर्ता व्यवस्थापन गर्न यस्तो आयोग (क्रमशः पृष्ठ २ मा)


### प्रकाशन स्थगन हुनेबारे सूचना

शुभ दीपावलीको बिदाका कारण यस प्रभाव दैनिकको प्रकाशन भोलि कात्तिक १६ देखि १९ गतेसम्म स्थगन हुने छ । कात्तिक २० गतेदेखि हामी पुनः नियमित प्रकाशनमा आउने जानकारी गराउँदछौं ।

**प्रभाव पब्लिकेसन प्रा.लि.**


**सन्दर्भः वैदेशिक रोजगार**

# कोरिया जाने कामदारलाई हवाईभाडा सस्तिने आशा

## सिओलसम्म जाने हवाई भाडासम्बन्धी 'ग्लोबल टेण्डर' आह्वान

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** रोजगारपत्र अनुमति प्रणाली (इपिएस) मार्फत दक्षिण कोरिया जाने नेपाली कामदारका लागि हवाई भाडासम्बन्धी बोलपत्र आह्वान गरिएको छ । वैदेशिक रोजगार विभागअन्तर्गतको इपिएस कोरिया शाखाले आगामी माघ ३ गतेदेखि लागू हुनेगरी काठमाडौंदेखि कोरियाको सिओलसम्म जाने एकतर्फी हवाई भाडासम्बन्धी बोलपत्र आह्वान गरेको हो ।

हाल कोरियन एयरलायन्सले एकलौटीरूपमा इपिएसमार्फत कोरिया जाने नेपाली कामदारहरूको उडान भर्दै आएको छ । पछिल्लो समय कोरियन एयरसँग गरिएको एक वर्षे सम्झौता सकिन लागेपछि बोलपत्र आह्वान गरिएको शाखाले जनाएको छ । बोलपत्र विद्युतीय माध्यमबाट आह्वान गरिएको ३१ दिनभित्र इपिएस कोरिया शाखामा पेस गरिसक्नुपर्ने छ ।

बोलपत्र वापतको शुल्कका लागि २० हजार रूपैयाँ दस्तुर तोकिएको छ । त्यसका लागि तीन करोड ८५ लाख रूपैयाँको धरौटी रकम माग गरिएको छ । आवेदन दिँदा सीधा उडानको हवाई भाडादर र ट्रान्जिट उडानको भाडादर बराबर हुन आएमा सीधा उडानलाई प्राथमिकता दिइने शाखाले उल्लेख गरेको छ । एचआरडी कोरियाबाट उडान तालिकाका लागि नामावली प्राप्त भएका व्यक्तिहरूलाई सम्झौता दरमा नबढ्नेगरी हवाई टिकट (खानासहित) उपलब्ध गराउनुपर्ने सर्त राखिएको छ ।

यसअघि असार २७ गते शाखाले नेपाली श्रमिकलाई कोरिया पठाउन प्रतिस्पर्धात्मक हवाई उडानका लागि ग्लोबल टेन्डर आह्वान गरेको थियो । कोरोनाको कारण देखाउँदै २०७९ माघमा कोरियन एयरलाइन्ससँग भएको सम्झौताअनुसार श्रमिकले चर्को भाडा बुझाउनुपरेको भन्दै श्रम, रोजगार तथा समाजिक सुरक्षा मन्त्रालयले सम्झौता तोडेर ग्लोबल टेण्डर आह्वान गर्न वैदेशिक रोजगार विभागमार्फत इपिएस कोरिया शाखालाई निर्देशन दिएको थियो ।

यद्यपि, कोरियन एयरसँगको सम्झौता २०८१ माघसम्म रहेको भन्दै एइरलाइन्सको नेपाली एजेन्ट युनिर्भसल टुर्स एन्ड ट्राभल्सले हालेको मुद्दामा सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएपछि टेण्डर प्रक्रिया अवरुद्ध भएको थियो । इपिएस शाखाले माघदेखि नै लागू हुनेगरी पुनः टेण्डर आह्वान गरेपछि कोरिया जाने नेपाली श्रमिकले सस्तो भाडादरमा हवाई उडान गर्न पाउने देखिएको छ । हाल कोरियन एयरलायन्सले ८९५ अमेरिकी डलरमा काठमाडौंदेखि सिओलसम्म सीधा उडानमार्फत कामदार पुऱ्याउँदै आएको छ ।

त्यस्तै केही हप्ताअघि कोरिया जाने श्रमिकले कोरियन एयरलाइन्सले चर्को भाडा असुलेको भन्दै खुला बजारबाट हवाई टिकट खरिद गर्न पाउनुपर्ने माग गर्दै उच्च अदालत पाटनमा रिटसमेत दायर गरेका थिए । उनीहरूले प्रतिस्पर्धामा टिकट खरिद गर्न पाउनु संवैधानिक अधिकार भएको दाबी गर्दै रिट हालेका थिए । इपिएस शाखाले कोरियन एयरलाइन्ससँग सम्झौता गरेकाले श्रमिकले अन्यत्रबाट टिकट खरिद गर्न नपाउने बाध्यात्मक व्यवस्था छ ।

# उप्रेतीलाई नहटाउन सर्वोच्चको अन्तरिम आदेश



**काठमाडौं (प्रस)–** सर्वोच्च अदालतले वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीलाई पदबाट नहटाउन अन्तरिम आदेश दिएको छ । उप्रेतीलाई पदबाट हटाउने श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको निर्णय कार्यान्वयन नगर्न सर्वोच्च अदालतका न्यायाधीश बालकृष्ण ढकालको एकल इजलासले अन्तरिम आदेश दिएको हो ।

मन्त्रालयले भ्रष्टाचारको आरोप र कार्यसम्पादनमा प्रश्न उठाउँदै यही कात्तिक ५ गते उप्रेतीलाई तीन दिनभित्र लिखित स्पष्टीकरण बुझाउन निर्देशन दिएको थियो । यद्यपि, उप्रेतीले बुझाएको स्पष्टीकरण चित्तबुझ्दो नभएको भन्दै मन्त्रालयले कात्तिक ६ गते नै उप्रेतीलाई जिम्मेवारीबाट हटाएर मन्त्रालयका सहसचिव जीवलाल भुसाललाई कार्यकारी निर्देशकको जिम्मेवारी दिने निर्णय गरेको थियो ।

मन्त्रालयको उक्त निर्णयविरुद्ध उप्रेतीले कात्तिक ११ गते सर्वोच्चमा मुद्दा हालेका थिए । चार वर्षका लागि नियुक्त भएका कार्यकारी निर्देशक उप्रेतीलाई समयअगावै हटाउने कार्य कानुनसम्मत नभएको सर्वोच्चको ठहर छ । वैदेशिक रोजगार नियमावलीमा गरिएको व्यवस्थाविपरीत उप्रेतीलाई हटाएको सर्वोच्चले व्याख्या गरेको छ ।

'वैदेशिक रोजगार ऐन, २०४१ मा बोर्डको प्रशासनिक प्रमुखको काम, कर्तव्य र अधिकारअन्तर्गत प्रशासनिक प्रमुखको रूपमा निजले दैनिक कार्यसम्पादन गर्नुपर्ने कार्य परिभाषित गरिएको परिप्रेक्ष्यमा लिखित स्पष्टीकरण सोधिएको मितिमै निवेदकको पदमा अर्को व्यक्तिलाई जिम्मेवारी प्रदान गरेको कार्य प्रथम दृष्टिमा नै उचित र उपयुक्त मान्न मिलेन,' सर्वोच्चको आदेशमा उल्लेख छ, 'अतः चार वर्षको अवधिका लागि मिति २०७९ भदौ ८ मा नियुक्ति पाएको यी निवेदकलाई सो अगावै कार्यजिम्मेवारीबाट मुक्त गर्दा निवेदकको हकको हनन हुने अवस्था देखिँदा सुविधा र सन्तुलनको (क्रमशः पृष्ठ २ मा)




## पृष्ठ १ बाट क्रमशः

### विवादै विवादमा...

'बा' प्रवृत्ति जबर्जस्त स्थापित एमालेमा अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीले जग्गा लेनादेनाविरुद्ध बोल्दा सहने कुरै भएन । अन्ततः उनले पार्टी निर्णयविरुद्ध किन बोलिएको र किन कारबाही नगर्ने भन्दै स्पष्टीकरण लिए । नेताहरू पाण्डे र तिम्सिनाले स्पष्टीकरण दिएका छन् । रावलले भने तानाशाही शैलीमा स्पष्टीकरण सोधिएको भन्दै विरोध गरेका छन् ।

अर्थराजनीतिका विश्लेषक हरि रोकाले भनेका छन्, 'दान थाप्ने प्रधानमन्त्री ओली प्रधानमन्त्री पदको गरिमा धान्न सर्वथा अयोग्य छन् भन्ने सावित हुन पुगेको छ ।'

यसबाहेक नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई हटाउन गरिरहेको प्रयासले पनि प्रधानमन्त्री ओली विवादित बने । यसबीचमा घिसिङलाई स्पष्टीकरण सोधिएको छ । ऊर्जामन्त्री दीपक खड्काले त घिसिङ एक जना कर्मचारी भएको र उनलाई हटाउनु परे १० मिनेट नलाग्ने बताइसकेका छन् ।

डेडिकेटेट फिडर र ट्रंकलाइन महसुल विवादमा महसुल नबुझाउने उद्योगी व्यवसायीको पक्षमा प्रधानमन्त्री ओली शंकास्पदरूपमा उभिएका छन् । महसुल उठाउनुपर्छ भन्ने घिसिङलाई भने हटाउन अनेक प्रयास गरिरहेको आरोप प्रधानमन्त्री ओलीमाथि छ ।

फेरि, विद्युत् महसुल नतिर्ने शंकर ग्रुपले सञ्चालन गरेको 'हिल्टन' होटलको उद्घाटन गर्न प्रधानमन्त्री ओली नै पुगेका थिए, जसले सरकारलाई विद्युत् महसुल तिरेन, उसकै होटल उदघाटन गर्दा जो कोहीलाई शंकाको सुविधा हुन्छ । यसले पनि प्रधानमन्त्री ओली र उनको दल एमाले विवादित बन्यो ।

अर्कोचाहिँ अहिलेका ऊर्जामन्त्री दीपक खड्काको गत २३ असोजमा प्रधानमन्त्री ओलीले बूढानीलकण्ठको मुहानपोखरीमा निर्मित 'होलिडे इन् रिसोर्ट' उद्घाटन गरे । आफ्नै मन्त्रिपरिषद्का सदस्य भए पनि मन्त्री खड्का लैनचौरस्थित नेपाल स्काउटको जग्गा हडपेको प्रकरणको आरोपी हुन् । यसले पनि ओली विवादित बने ।

यससँगै ओलीको दल एमालेको मुख्यालय च्यासलमा यही शनिबार केही युवाले खुकुरी नचाए । पार्टीको भ्रातृ संगठन लोकतान्त्रिक आदिवासी जनजाति महासंघमा अध्यक्ष पासाङ शेर्पा र जिम्मेवारीमुक्त महासचिव पेम्बा भोटे पक्षबीच बैठकमै विवादले उग्र रूप लिँदा शेर्पाका भान्जासहितले भोटेपक्षविरुद्ध खुकुरी प्रदर्शन गरेका थिए । प्रहरीले खुकुरी खोसेपछि सम्भावित घटना टरेको थियो र प्रधानमन्त्री ओलीले बैठकबाट कुनै निर्णय नलिन निर्देशन दिएका थिए । यसले पनि प्रधानमन्त्री ओलीको दलनिकट भ्रातृ संगठन पनि विवादमुक्त नभएको देखाउँछ । अर्थात् पार्टी मुख्यालयमा खुकुरी नचाउने कार्यले एमाले विवादित बन्यो ।

यस्तै, प्रधानमन्त्री ओली विवादित बनेको गत असोजको दोस्रो साता भीषण बाढीपहिरोपछि उद्धार कार्यमा देखिएको सरकारी कमजोरीले हो । कतिसम्म भने तीन-चार घण्टासम्म उद्धारको पर्खाइमा रहँदा ललितपुरको नख्खु खोलामा नागरिक बग्नुपऱ्यो । बाढीपहिरो प्रभावितको उद्धार र राहतमा सरकारको विलम्ब भयो । जनता दुःखमा पर्दा प्रधानमन्त्री ओलीले अमेरिकाबाट आएपछि असंवेदनशील हुँदै भने, 'म अमेरिकामा भैंसी दुहुन गएको थिइनँ ।' यसपछि प्रधानमन्त्री ओली निकै विवादित बने ।

ओलीले यसअघि काठमाडौंका मेयर बालेन्द्र (बालेन) साहसँग पनि अनावश्यक तर्कवितर्क गरेका थिए, जसले गर्दा उनी विवादित मात्रै भएनन्, बालेन समर्थकहरूले फेसबुकमा 'अनफलो' अभियान नै चलाए ।

यसरी एमाले अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओली कहिले आफूले चालेका विवादित कदम र बोलेका अभिव्यक्तिले आलोचित छन् । एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने यी सामान्य विषय भएको प्रतिक्रिया दिए । 'यी जति विवाद भनियो, सामान्य हुन्, केही होइनन्,' गौतमले प्रभावसँग भने । उनले प्रधानमन्त्री ओलीलाई विवादमा ल्याउने प्रयास प्रमुख विपक्षी नेकपा माओवादी केन्द्रले गरिरहेको पनि आरोप लगाए ।

●●●

### कार्यकर्ता भर्ती...

यसपटक नेकपा एमालेका नेता हरि रिजालको अध्यक्षतामा यो आयोग गठन भएको हो । माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रधानमन्त्री रहेको बेला २०८० चैतमा भूमि राष्ट्रिय भूमि आयोगको नाममा रहेको यो आयोग खारेजीमा परेको थियो ।

२०७८ भदौ ३० मा शेरबहादुर देउवा नेतृत्वको सरकारले कांग्रेससम्बद्ध नेपाल शिक्षक संघका पूर्वअध्यक्ष केशव निरौलाको अध्यक्षतामा आयोग गठन गरेको थियो । त्यसअघि तत्कालीन सरकारले एमाले नेता देवी ज्ञवाली नेतृत्वको भूमिसम्बन्धी समस्या समाधान आयोग खारेज गरेको थियो । सत्ता गठबन्धन फेरिएसँगै नयाँ आयोग गठन गर्ने गरी सरकारले राष्ट्रिय भूमि आयोग खारेज गर्दै गठन गर्दै आएको छ ।

### रिजाललाई एमालेको पुरस्कार !

आयोगका अध्यक्ष बनेका रिजाल एमाले लुम्बिनी प्रदेश अध्यक्षमा पराजित व्यक्ति हुन् । एमाले महासचिव शंकर पोखरेल र विष्णु पौडेलको लडाइँमा पौडेलपक्षका राधाकृष्ण कँडेल अध्यक्षमा निर्वाचित भए । कँडेलले ४७९ मत पाएर विजयी हुँदा रिजालले ४७७ मत पाएका थिए ।

रिजाल निर्वाचनमा पराजित भएपछि एमाले अध्यक्ष केपी शर्मा ओलीलाई मनाएर केन्द्रीय सदस्य बनाएका थिए पोखरेलले । उनै रिजाललाई अहिले आयोगमा अध्यक्ष पद पुरस्कार दिइएको हो । उनी केन्द्रीय सदस्यबाट राजीनामा दिएर प्रदेश कमिटी अध्यक्षको निर्वाचन लड्न गएका थिए । भूमिहीन सुकुम्बासी, भूमिहीन दलित र अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउनेगरी भागबण्डाका आधारमा सरकारले आयोग गठन गरेको हो । तर, रिजाललाई भूमिसम्बन्धी कुनै ज्ञान नभएको उनीनिकट नेताहरू बताउँछन् ।

आयोगका उपाध्यक्षमा जाजरकोटका सनतकुमार कार्की छन् उनी नेपाली कांग्रेसको कोटामा आयोगको उपाध्यक्ष बनेका छन् । कार्की कांग्रेस कर्णालीका उपसभापति हुन् । त्यस्तै एमाले कोटाबाटै गुञ्जबहादुर खड्का र आरती भण्डारी पनि आयोगको सदस्य बनेका छन् । त्यसबाहेकका अनिलकृष्ण प्रसाईं, गोबर्द्धन ओली, टेकबहादुर शाह र जगतबहादुर देउजा सदस्य आयोगका सदस्य चयन भएका छन् ।

यसअघि बलबहादुर राई, शैलजा आचार्य, ऋषिराज लुम्साली, बुद्धिमान तामाङ, चन्दा शाह, तारणीदत्त चटौत, गंगाधर लम्साल, कैलाश महतो, गोपालमणी गौतम, भक्तिप्रसाद लामिछाने, शारदाप्रसाद सुवेदी, गोपाल दहितलगायत यस आयोगका नेतृत्वमा आएका थिए ।

●●●

### कार्यकर्ता पोस्न...

गठन हुनु निकै निकृष्ट काम भएको बताइन्छ । 'वार्षिक ४० करोड तलब सुविधामै खर्च हुन्छ । अरू प्राविधिक तथा कर्मचारी लिँदा खर्च झन् बढ्छ,' भूमि सुधार मन्त्रालयका एक उपसचिवले भने ।

नेपालमा हरेक राजनीतिक दलले निर्वाचन ताका सुकुम्बासी समस्या तथा विभिन्न भूमि समस्या देखाउँदै कार्यकर्ता भर्ती गर्न यस्ता खाले आयोग गठन गर्दै आएको छ । यो भोट बैंक खडा गर्ने निकाय भएको देखिन्छ । ३३ वर्षमा सरकारले गठन गरेको १७औं आयोग हो । यो अवधिमा सरकारले यो आयोगका लागि अर्बौं खर्च गरिसकेको छ । विभिन्न भूमि समस्यामा लालपुर्जा वितरण गरेको यो आयोगको निर्णय विवादित पनि बन्दै आएको छ ।

●●●

### उप्रेतीलाई नहटाउन...

दृष्टिले मिति २०८१ कात्तिक ६ को विपक्षी मन्त्रालयको चलानी नम्बर ४११ को पत्र एवं सोसँग सम्बन्धित काम कारबाहीहरू प्रस्तुत रिट निवेदनको अन्तिम टुंगो नलागुञ्जेलसम्म कार्यान्वयन नगर्नू, नगराउनू, यथास्थितिमा राख्नू र निवेदकलाई साविक नियुक्तिपत्रबमोजिम कामकाज गर्न दिनू, दिलाउनू ।' सरकारले २०७९ भदौ ६ गते उप्रेतीलाई चार वर्षका लागि बोर्डको कार्यकारी निर्देशकमा नियुक्त गरेको थियो ।


### कम्पनीको नाम परिवर्तन गरिएको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०७/१५**

यस कम्पनीको मिति २०८१/०६/०८ गते सम्पन्न विषेश साधारण सभाको निर्णय अनुसार साविक कम्पनी **सापकोटा कृषि तथा पशुपालन फार्म प्रा. लि.** को नाममा रहेको सम्पुर्ण चल-अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर लगायतको दायित्व आदि परिवर्तित कम्पनीले तिर्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८१/०६/१५ को निर्णय अनुसार कम्पनीको नाम परिवर्तन गरी **लामा कृषि तथा पशुपालन फार्म प्रा. लि.** (प्रा.लि. दर्ता नं. २४८०४१) कायम गरिएको व्यहोरा यसै सूचना द्वारा जानकारी गराइन्छ ।

### जानकारी

मिति २०८१ कात्तिक ६ गते प्रभाव राष्ट्रिय दैनिकमा प्रकाशित 'खिम्ति ग्रामीण विद्युत सहकारी संस्था लि.' को बोलपत्रसम्बन्धी विज्ञापन भूलबस छापिएको सम्बन्धित सबै जानकारी गराईन्छ ।

– महाप्रबन्धक

### कुवेतमा रोजगार

कम्पनी: JEZAN INTERNATIONAL GENERAL TRADING & CONTRACTING COMPANY

पूर्व स्वीकृत मिति : २०८१/०७/१४ LT. No. 313009 चलानी नं ६०२२७४२८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Driver | 4 | 0 | 150 | ६५,८८० | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Outdoor Labours | 7 | 0 | 95 | ४१,७३४ | | | | | | | |

कम्पनी: AL JAZIRAH INDUSTRIAL PROJECTS COMPANY FOR GENERAL TRADING & CONTRACTING

पूर्व स्वीकृत मिति : २०८१/०७/१४ LT. No. 313010 चलानी नं ६०२२७४२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Electrician. | 2 | 0 | 120 | ५२,७०४ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छैन | छ | २ वर्ष |
| 2 | Foreman | 2 | 0 | 180 | ७९,०५६ | | | | | | | |
| 3 | Heavy Vehicle Driver | 13 | 0 | 170 | ७४,६६४ | | | | | | | |
| 4 | HELPER/LABOR | 150 | 0 | 95 | ४१,७३४ | | | | | | | |
| 5 | Light Vehicle Driver | 3 | 0 | 135 | ५९,२९२ | | | | | | | |
| 6 | Operators | 14 | 0 | 200 | ८७,८४० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कात्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/- कामदार आफैंले | निःशुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Dana Human Resource Nepal Pvt. Ltd.**
Sinamangal, Kathmandu, Tel No. +977-01-5923344, Phone No: 980-2373747
Email Id: danadepalpg@gmail.com, info@danadepal.com, website : www.
श्रम ईजाजत नं. 1692/081/81

### कतारमा रोजगार

कम्पनी : Al Farid Trading

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312955 चलानी नं. ६०२२७३७७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 0 | 3 | 2000 | ७३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 4 | 0 | 2000 | ७३,७९० | | | | | | | |
| 3 | Electrician Technician | 3 | 0 | 2500 | ९२,२४० | | | | | | | |
| 4 | Gen. Cleaner Worker | 4 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 5 | Labour | 4 | 0 | 1200 | ४४,२७५ | | | | | | | |
| 6 | Supervisior | 1 | 0 | 2700 | ९९,६२० | | | | | | | |

कम्पनी : Al Affan Hospitality And Services

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312968 चलानी नं. ६०२२७३७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 2 | 0 | 3600 | १३२,८२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Accountant Gen. | 1 | 0 | 3600 | १३२,८२५ | | | | | | | |
| 3 | Cashier | 0 | 2 | 2500 | ९२,२४० | | | | | | | |
| 4 | Driver | 7 | 0 | 2000 | ७३,७९० | | | | | | | |
| 5 | Electric Tech | 1 | 0 | 2000 | ७३,७९० | | | | | | | |
| 6 | Gen Clean Worker | 0 | 6 | 1100 | ४०,५८५ | | | | | | | |
| 7 | Gen Cleaning Worker | 12 | 0 | 1100 | ४०,५८५ | | | | | | | |
| 8 | Labour Services | 3 | 0 | 1100 | ४०,५८५ | | | | | | | |
| 9 | Representative | 1 | 0 | 2500 | ९२,२४० | | | | | | | |
| 10 | Store Keepers | 1 | 0 | 2500 | ९२,२४० | | | | | | | |
| 11 | Supervisor | 2 | 0 | 2700 | ९९,६२० | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np
श्रम ईजाजत नं. १३०२/०७४/०७५

### युएईमा रोजगार

कम्पनी : AL GEEMI CONTRACTING COMPANY L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312924 चलानी नं. ६०२२७३४४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Blacksmith | 30 | 0 | 1200 | ४३,४८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Drilling Operator | 100 | 0 | 1500 | ५४,८०५ | | | | | | | |
| 3 | Stone Mason | 30 | 0 | 1200 | ४३,४८५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Mass Human Resource Pvt. Ltd.**
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

### युएइमा रोजगार

कम्पनी : HOWDRA EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312889 चलानी नं. ६०२२७३४१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 3 | Mason General | 50 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 4 | Steel Fixer | 50 | 5 | 1200 | ४३,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम ईजाजत नं. १००१/०६८/६९

### साउदीमा रोजगार

कम्पनी : Company Innishial AL-Arbia AL-Saoudia Ltd.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312969 चलानी नं.६०२२७३७२

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 40 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : Abed A. Al-Habashi Cont. Co. General Cont.

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ LT. No. 312897 चलानी नं.६०२२७३१८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 50 | 0 | 1000 | ३५,५३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Nasser Outsourcing Consultants Pvt. Ltd.**
Ratopool-9, Kathmandu, Nepal, Tel: +977-1-4465090 (6 Line), Email: nocnepal@nassers.org
श्रम ईजाजत नं. ६१९/०६३/०६४

### कुवेतमा रोजगार

कम्पनी : AL HUSNA AL RAQIA READYMADE CLOTHS CO.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ LT. No. 312947 चलानी नं. ६०२२७३६४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Lady | 0 | 2 | 150 | ६५,६६५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्योहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्योहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्योहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्योहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**National Exports Manpower Consultant Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Nepal, Phone No.: +977-1-4478786, E-mail : nationalexportsmc@gmail.com


## आजको राशिफल




**आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु**
**इन्टरनेसनल एस्ट्रोलोजिकल फोरम**
**सानेपा, काठमाडौं, नेपाल**
**फोन : ९८४१९९२५५२,**
Email: dhruvswamig@gmail.com


बिहीबार, १५ कात्तिक, २०८१

- **मेष** मार्गदर्शन अनुचित लाग्नेछ ।
- **वृष** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।
- **मिथुन** लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
- **कर्कट** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको
- **सिंह** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।
- **कन्या** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।
- **तुला** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।
- **वृश्चिक** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।
- **धनु** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।
- **मकर** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।
- **कुम्भ** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।
- **मीन** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५२४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४२४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८२४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५२६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६२६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य | ४२५५५४०२४२५५५४१ |
| चिकित्सालयरशववाहन सेवा (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल किड्नी सेन्टर | ४३६३४५२४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०२४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७२४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५२४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८२४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

१५ कात्तिक, २०८१ (३१ अक्टोबर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.२४ | १३४.८४ |
| युरो | १ को | १४५.२८ | १४५.९३ |
| पाउन्ड स्टिर्लङ | १ को | १७४.२४ | १७५.०२ |
| स्विस फ्रैन्क | १ को | १५४.७७ | १५५.४६ |
| अस्ट्रेलियन डलर | १ को | ८८.९९ | ८९.३९ |
| क्यानाडियन डलर | १ को | ९६.९२ | ९७.३५ |
| सिङ्गापुर डलर | १ को | १०१.६५ | १०२.११ |
| जापानी येन | १० को | ८.८४ | ८.८८ |
| चिनियाँ युआन | १ को | १८.८४ | १८.९३ |
| साउदी अरब रियाल | १ को | ३५.७४ | ३५.९० |
| कतारी रियाल | १ को | ३६.८२ | ३६.९८ |
| थाई भाट | १ को | ३.९८ | ३.९९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५५ | ३६.७१ |
| मलेसियन रिङेट | १ को | ३०.९३ | ३१.०७ |
| दक्षिण कोरियन वन | १०० को | ९.६६ | ९.७० |
| स्विडिस क्रोनर | १ को | १२.६९ | १२.७५ |
| डेनिस क्रोनर | १ को | १९.४७ | १९.५६ |
| हङकङ डलर | १ को | १७.२८ | १७.३५ |
| कुवेती दिनार | १ को | ४३८.२५ | ४४०.२१ |
| बहराइन दिनार | १ को | ३५६.०५ | ३५७.६४ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

# निलम्बित मुख्यसचिव अर्याललाई भ्रष्टाचार मुद्दामा सफाइ

**काठमाडौं (प्रस)–** विशेष अदालतले भ्रष्टाचारको मुद्दामा निलम्बित मुख्यसचिव डा. वैकुण्ठ अर्याललाई सफाइ दिएको छ । विशेष अदालतका अध्यक्ष न्यायाधीश टेकनारायण कुँवर, सदस्यहरू न्यायाधीशद्वय खुशीप्रसाद थारु र रितेन्द्र थापाको इजलासले बुधबार अन्त:शुल्क स्टिकर छपाइमा भ्रष्टाचार भएको दाबीसहित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले दायर गरेको मुद्दामा डा. अर्यालले सफाइ पाउने फैसला गरेको हो ।

फैसलामा भनिएको छ, 'प्रतिवादी डा. अर्यालले सूचना तथा सञ्चार मन्त्रालयको सचिवको हैसियतमा गरेको निर्णय पूर्वअभ्यास र विनियमावली नबनेको भन्ने आधारमा गरेको देखिएको र सो निर्णय गर्दा मिलेमतो र बदनियत राखी आफूलाई लाभ वा सरकारलाई हानिनोक्सानी निजकै कारणबाट भएको भन्ने प्रमाणबाट पुष्टि हुन आएन ।'



अदालतले राष्ट्रिय सुरक्षण मुद्रण केन्द्रका लागि राष्ट्रिय बजेटबाट नै 'एलएमबिएस' माध्यमबाट बजेट विनियोजन भएको देखिएको जनाएको छ । सुरक्षण मुद्रण केन्द्रका निर्देशक प्रतिवादी विकल पौडेलले सो बजेट र खरिद योजना स्वीकृतिका लागि प्रतिवादी रहेका निज सचिवसमक्ष पेस गरेको, निजले मन्त्रालयको सचिवको हैसियतमा बजेट र खरिद गुरुयोजना स्वीकृत गर्दा सो बजेट हुबहु स्वीकृत गरेको देखिँदा बजेटको भावनामा तात्त्विक फरक पर्ने अवस्था देखिन नआएको ठहर अदालतको छ ।

'राष्ट्रिय आवश्यकता र महत्त्वको आयोजना कार्यान्वयन गर्ने सदनियतले काम गरेको देखिँदा निज प्रतिवादीबाट नेपाल सरकारको सम्पत्ति हानिनोक्सानी गरेको र आफूलाई निजी लाभ लिने बदनियत लिएको भन्ने आरोप दाबी पुष्टि हुन नसकी निज प्रतिवादीले आरोपित कसुरबाट सफाइ पाउने ठहर्छ,' फैसलामा भनिएको छ ।

मुख्यसचिव डा. अर्यालसहित सफाइ पाउनेमा सुरक्षण मुद्रण केन्द्रका परामर्शदाता शक्ति श्रेष्ठ, उक्त केन्द्रका लेखा अधिकृत विष्णुप्रसाद गौतम, शाखा अधिकृत हलिबल्लभ घिमिरे, प्रिन्ससेल प्रालि र उक्त प्रालिका निर्देशक केशव शर्मा रहेका छन् ।

आन्तरिक राजस्व विभागका महानिर्देशक रितेशकुमार शाक्य र सोही विभागका उपमहानिर्देशक टंकप्रसाद पाण्डेय, उपसचिव गणेशविक्रम शाही र शाखा अधिकृत रवीन्द्रप्रसाद पौडेलको हकमा समग्र मिसिल अध्ययनबाट आन्तरिक राजस्व विभागले अर्थ मन्त्रालयसँग अन्त:शुल्क स्टिकर छपाइको सैद्धान्तिक सहमतिका लागि मात्र अनुरोध गरिएकोमा अर्थ मन्त्रालयबाट नै छपाइको लागत र खर्चको विषय उठान गरी पत्राचार गरेको देखिएको तर उक्त कार्यका लागि प्रक्रियामा संलग्न रहेका अर्थ मन्त्रालयका अधिकारीहरूउपर कुनै अनुसन्धान भएको नपाएको फैसलामा उल्लेख छ ।

अदालतले सुरक्षण मुद्रण केन्द्रका तत्कालीन कार्यकारी निर्देशक विकल पौडेल र निर्देशक सफल श्रेष्ठलाई दोषी ठहर गरेको छ । दोषी ठहर भएका पौडेल र श्रेष्ठलाई अदालतले सजाय निर्धारण गर्ने छ । उक्त प्रकरणमा ११ व्यक्ति र एक कम्पनीसहित १२ जनाविरुद्ध अन्त:शुल्क स्टिकर छपाइमा भ्रष्टाचार भएको भन्दै अख्तियार दुरूपयोग अनुसन्धान आयोगले ३८ करोड ६७ लाख १७ हजार रूपैयाँ बिगो दाबी गर्दै मुद्दा दायर गरेको थियो । यही कात्तिक ५ गतेदेखि निरन्तर सुनुवाइ गर्दै बुधबार अदालतले फैसला सुनाएको हो ।

## सरकारी अस्पतालमा विद्युत् महसुल छुट

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सरकारी अस्पताललाई विद्युत् महसुलमा २० प्रतिशत छुट दिने भएको छ ।

स्वास्थ्यमन्त्री प्रदीप पौडेलले आज मन्त्रीस्तरीय निर्णय गर्दै सरकारी अस्पताललाई विद्युत् महसुलमा २० प्रतिशत छुट दिने निर्णय गरेका हुन् । नेपाल विद्युत् प्राधिकरण विद्युत् महसुल संकलन विनियमावली २०७८ मा भएको सरकारी अस्पताल तथा स्वास्थ्य चौकीले पाउने विद्युत् महसुल छुटको व्यवस्थाअनुसार उनले उक्त निर्णय गरेका हुन् ।

बुधबार नै मन्त्रालयले सबै सरकारी अस्पतालमा समयमै महसुल भुक्तान गरेर छुट सुविधा लिन मातहतका संस्थामा पत्राचार गरेको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए । उनले समयमै महसुल भुक्तानी नहुँदा एकातिर लाइन काटिनेसम्मको समस्या हुने र जरिवानासमेत उच्च हुने तर २० दिनभित्रै भुक्तानी हुँदा ठूलो रकम बचत हुने भएपछि व्यवस्था मिलाउन निर्णय गरिएको बताए ।

## तिहारमा झरी नपर्ने

**काठमाडौं (प्रस)–** जल तथा मौसम विज्ञान विभागले बुधबार तिहार लक्षित विशेष मौसम बुलेटिन सार्वजनिक गर्दै भारी वर्षा एवं झरी नपर्ने बताएको छ ।

सार्वजनिक बुलेटिनअनुसार यस वर्ष तिहारको चतुर्दशी (१५ गते), औंसी (१६ गते), प्रतिपदा (१७ गते) र द्वितीया (१८ गते भाइटीका) का दिनहरूमा देशको कोशी, बागमती, गण्डकी र कर्णाली प्रदेशका पहाडी भू-भागमा आंशिकदेखि साधारणतया बदली रही थोरै स्थानमा मेघ गर्जन/चटयाङसहित हल्का वर्षाको सम्भावना रहने उल्लेख छ ।

बुलेटिनमा बाँकी भू-भागमा मौसम मुख्यतया सफा रहने देखिएको विभागले जानकारी गराएको छ । बुलेटिनमा देशका उच्च पहाडी तथा हिमाली भू-भागका थोरै स्थानहरूमा हल्का हिमपातको सम्भावना रहेको जनाइएको छ । उक्त दिनहरूमा अधिकांश स्थानहरूमा अधिकतम तथा न्यूनतम तापक्रम घट्दो क्रममा रहने सम्भावना विभागले जनाएको छ ।

विभागको मौसम पूर्वानुमान महाशाखाका मौसमविद् मीनकुमार अर्यालले बदली हुने बादलहरू लाग्ने देखिए पनि ठूलो झरीको सम्भावना भने नदेखिएको जानकारी दिए । उनले भने, 'ती प्रदेशका केही ठाउँमा हल्का बदली हुने, बादल लाग्ने, हल्कादेखि मध्यम वर्षा हुने सम्भावना देखिन्छ, पहाडी भूभागका एक/दुई स्थानमा मध्यमसम्म पनि वर्षा हुनसक्छ कि भन्ने जस्तो छ तर सोचेभन्दा कम पानी पर्ने देखिन्छ ।'

मौसमविद् अर्यालका अनुसार ठूलो झरी नै पर्ने खालको अवस्था छैन । पानी कम पर्ने अवस्था रहेको अहिलेसम्मको मोडलले देखाएको छ । उनले तीनदिने मौसम बुलेटिन दैनिक सार्वजनिक हुने भएकाले कुनै नयाँ अवस्था सिर्जना भएमा नियमित रूपमा सार्वजनिक हुने पनि जानकारी दिए । विभागले मौसम पूर्वानुमान महाशाखाबाट जारी गरिने तीन दिने मौसम पूर्वानुमान बुलेटिनमा मौसमसम्बन्धी अद्यावधिक जानकारी हुने भएकाले महाशाखाको वेबसाइट हेर्नसमेत अनुरोध गरेको छ ।


## बर्दगोरिया गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
मुडा, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

**ठेक्का न. न.7/BRM/NCB/G/081-082 को विधुतीय बोलपत्र सम्बन्धी आशयको सूचना**

प्रकाशित मिति : २०८१/०७/१५

यस बर्दगोरिया गाउँपालिका कार्यालयको आ.व.: २०८०/०८१ अन्तर्गत ठेक्का न. 7/BRM/NCB/G/2081-082 (Procurement of Supply and Delivery Of Medicines and Medical Products) कार्यका लागि मिति:– २०८१/०६/११ गतेको राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिल उल्लेखित सिलबन्दी दरभाउपत्र न्युनतम मुल्यांकित सारभूत रूपमा प्रभावाग्राही देखिन आएकाले उल्लेखित सिलबन्दी दरभाउपत्र स्वीकृतिका लागि छनोठ भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम सम्बन्धित सबै सप्लायर्सको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

| ठेक्का नं. | सप्लायर्स/फर्म | ठेगाना | कबोल रकम |
|---|---|---|---|
| 7/BRM/NCB/G/2081-082 | Uniglob Drug Supplier | Dhangadhi-1, kailali | ९७३०२०/- (भ्याट बाहेक) |

प्रमुख प्रशासकीय अधिकृत


## सच्याइएको

यस प्रभाव दैनिकको मिति २०८१ साल वर्ष ११ अंक १८७ कात्तिक १४ गते त्रियुगा नगरपालिका गाइघाट, उदयपुरको आ.व.२०८१/०८२ को लागि ढुंगा, गिटी, ग्राभेल, बालुवा, उत्खनन् संकलन विक्री कर उठाउने सम्बन्धी (बढाबढ) बोलपत्र आव्हानको सूचना प्रथम पटक सूचना प्रकाशित मिति २०८१/०७/१२ को **सि.नं. १४.** नदि जन्यपदार्थ उत्खनन्, संकलन, विक्री तथा निकासी गर्दा IEE प्रतिवेदनमा स्वीकृत मापदण्ड र राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समितिबाट प्राप्त परिपत्र, सहमति र मार्गदर्शनलाई आधार मानी उत्खनन्, संकलन र निकासी गर्नुपर्नेछ। र, **सि.नं. २८.** विस्तृत जानकारीका लागि त्रियुगा नगरपालिका गाईघाट उदयपुरको Website : www. triyugamun. gov.np तथा www.ppmo. gov.np मा वा त्रि.न.पा को सम्पर्क ०३५४२०१०८ मा सम्पर्क गर्न सकिनेछ, भन्ने हुनुपर्नेमा अन्यथा भएकोले सच्याइएको छ ।


## युएइमा रोजगार
कम्पनी: ABSHER FOR DELIVERY CONSUMER ORDERS CO.

पुन: स्वीकृत मिति : २०८१/०७/१४ | LT. No. 313048 | चलानी नं ६०२२७४६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 79 | 0 | 140 | ६१,४८८ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: KATOT DELIVERY COMPANY

पुन: स्वीकृत मिति : २०८१/०७/१४ | LT. No. 312916 | चलानी नं ६०२२७४६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रु. | ओरटाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Light Driver | 13 | 0 | 135 | ५९,२९२ | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कात्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने /नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोषकसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | हुने/रोजगारदाता कम्पनीले | रु. २३०८/- कामदारले तिर्ने | रु. १५००/ कामदार आफैंले | नि:शुल्क | रु. ७००/- कामदारले तिर्ने | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**SONY INTERNATIONAL REQIDMENTS SERVICES PVT.LTD.** श्रम ईजाजत नं. 1289/074/075
Gausala-9 Pingalasthan, Kathmandu, Nepal,Tel: +977-1-442271



## Gandaki Rural Municipality
### Office of Rural Municipal Executive
Bhulmichok, Gorkha
Gandaki Province, Nepal

**Invitation for E-Quotation**

Date of publication: 2024-10-31 (2081-07-15)

1. Gandaki Rural Municipality has allocated funds towards the cost of **Civil works** and intends to apply the funds to cover eligible payments under the Contract and is open to all eligible Nepalese Bidders.
2. Gandaki Rural Municipality, Office of Rural Municipal Executive Invites Electronic Sealed Quotation from eligible bidders for the following projectsunder Sealed Quotation Procedures.

| Identification No. | Description of work | Procurement Type | Estimated Amount (Without Contingency & VAT) | Cost of Bidding Document | Bid security Amount | Validity for bid documents /bid security | Last Date and Time of Bid Submission | Bid Opening Date and Time |
|---|---|---|---|---|---|---|---|---|
| GRM/ WORKS/SQ/ 02/2081/82 | Construction Of Toilet At Ward office-2 | Sealed Quotations | 7,08,475.85/- | 1000/- | 18,000/- | 45days/75 days after bid opening | 2024-11-19 (2081/08/04) 12:00 | 2024-11-19 (2081/08/04) 13:00 |

3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Gandaki Rural Municipality, Office of Rural Municipal Executive, Bhumlichok Gorkha, Gandaki Province, Nepal, 9856003367. or may visit our official website www.gandakimun.gov.np.

**Chief Administrative Officer**



## JAHADA RURAL MUNICIPALITY
### OFFICE OF THE RURAL MUNICIPAL EXECUTIVE
MORANG , KOSHI PROVINCE, NEPAL

**Invitation For E-Bid**

Date of Publication: 15th Kartik, 2081

1. **Jahada Rural Municipality, Office Of the Municipal Executive, Morang, Koshi Province, Nepal, invites electronic bids only** from Nepalese eligible bidders under NCB Procedures.

| IFB No. | Work Descriptions | Estimated Amount (Without VAT) | Bid Document Cost Nrs. | Pre-Bid Meeting | Last Date Of Bid Submission | Bid Opening Date | Bid Security Amount (NRs) |
|---|---|---|---|---|---|---|---|
| JRM/WORKS /NCB/081/082/05 | Ward No 1 ko Janta Aa. Bi. Dakchhin Singhiya khola jane sadak Kalopatre | Rs. 44,94,128.03 | 3000.00 | 1:00 PM on 2081/08/05 | 12:00 PM on 2081/08/16 | 2:00 PM on 2081/08/16 | 1,12,000.00 |
| JRM/WORKS /NCB/081/082/06 | Wada No. 4 ko Wada Karyalay Dekhi Madhura Tole Jane Sadak Kalopatre | Rs. 43,38,496.70 | 3000.00 | 1:00 PM on 2081/08/05 | 12:00 PM on 2081/08/16 | 2:00 PM on 2081/08/16 | 1,09,000.00 |
| JRM/WORKS/ NCB/081/082/07 | Wada No. 3 ko falame pul hudai gaupalika jane bato kalopatre | Rs. 39,72,034.90 | 3000.00 | 1:00 PM on 2081/08/05 | 12:00 PM on 2081/08/16 | 2:00 PM on 2081/08/16 | 1,00,000.00 |
| JRM/WORKS/ SQ/081/082/08 | Wada No. 7 chhotki mahadev kole ananta mandir dekhi maldaiya tole samma gravel. | Rs. 16,09,073.73 | 1000.00 | 1:00 PM on 2081/08/05 | 12:00 PM on 2081/08/02 | 2:00 PM on 2081/08/02 | 41,000.00 |

2. The details of the project is as follows :

For other details please visit bolpatra.gov.np/egp

**Chief Administrative Officer**



## युएईमा रोजगार
कम्पनी : PROFILE RECRUITMENT - SOLE PROPRIETORSHIP L.L.C.

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312822 | चलानी नं. ६०२२७३३१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब AED | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Worker/Labour | 200 | 0 | 800 | २९,२३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

SKY POWER INTERNATIONAL SERVICE PVT. LTD.(EVEREST GLOBAL RECRUITMENT SERVICE PVT LTD)
Sallaghari Marg, Bansbari, Kathmandu, Tel:-+977 4372262, 4375012
Email:-skypower.rec@gmail.com



## कतारमा रोजगार
कम्पनी : Amasy for hospitality and Service

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312839 | चलानी नं. ६०२२७३२५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Gen Clean Worker | 0 | 5 | 1000 | ३६,८९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | नि:शुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

STRIKEFORCE ASIA RECRUITMENT PVT. LTD
LIC 1675/080/81
Tokha -07, Basundhara, Kathmandu, Nepal Tel : +977-9849476159, 9869416889, 9869730362 E-mail : strikeforceasiarecruitment@gmail.com



## साउदीमा रोजगार
कम्पनी : BAWADER AL -THIQA TRADING EST.

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312842 | चलानी नं. ६०२२७३७३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Equipment Operator | 1 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Workshop Labor | 2 | 0 | 1000 | ३५,५३५ | | | | | | | |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ARANIKO OVERSEAS PVT. LTD.
श्रम ईजाजत नं. २६७/०५८/०५९
Kupondole (Opposite Hotel Himalaya), Kathmandu, Nepal.
Tel: +977 1 5455365/5010657/5010658, Email: infoaraniko267@gmail.com



## कुवेतमा रोजगार
कम्पनी : Noha Day Care Company

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312830 | चलानी नं. ६०२२७३७४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Asst. Teacher | 0 | 30 | 180 | ७८,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

All Asia Overseas Pvt.Ltd
Ratopul, Gaushala-7, Kathmandu, Nepal
Phone +977-01-4621975, 4621918 E-mail : info@allasiaoverseas.com
श्रम ईजाजत नं. १३०५/०७४/०७५



## साउदीमा रोजगार
कम्पनी : KHALID MAHDI AL ZLAIQ GEN. CONT. CO

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312896 | चलानी नं. ६०२२७३१९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Housekeeping Cleaner | 10 | 0 | 1000 | ३५,७३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : MUKLAT AL FAREEJ CATERING COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312823 | चलानी नं. ६०२२७३२३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब SR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 2 | 0 | 1200 | ४२,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Cosmo International Overseas Pvt. Ltd. (Overseas Employment Consultants)
Govt. License 280/058/059
Minbhawan, Kathmandu, Nepal, Tel : +977-1-4115190, 4115191 Fax : +977-1-4115189
E-mail : cosmointlpvt@gmail.com, kcshym_2008@yahoo.com Web : www. cosmointernational.com.pn

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

# तिहारको शुभकामना

वर्ष २०८१ को तिहारको आगमन भइसकेको छ । तिहारलाई फूल र उज्यालोको पर्वका रूपमा लिइन्छ । यसो त तिहार दिदीबहिनी–दाजुभाइको सम्बन्धलाई प्रगाढ बनाउने पर्वको रूपमा हेरिन्छ । तर, यस अवसरमा काग, कुकुर, गाई, गोरुजस्ता पक्षी र जनवारलाई पनि सन्देशवाहकका रूपमा पुजिन्छ । यतिमात्र हैन, यो पर्वमा धनकी देवी लक्ष्मीलाई समेत विशेष महत्त्वका साथ पूजा गर्ने गरिन्छ ।

कृषि क्षेत्रमा लागेका किसानहरू यतिबेला खेतीबाली भित्र्याउन व्यस्त छन् । प्रायः तिहार यसै मौसममा पर्छ । यसैले पनि किसानहरू आफ्नो धानको भकारीदेखि भाडावर्तनमा पनि पूजा गर्छन् । घर सरसफाइदेखि विभिन्न अमूल्य वस्तुको पूजा पनि यही पर्वमा गरिन्छ । सामाजिकरूपमा छिमेकसँग सौहार्द्रपूर्ण वातावरण बनाउन देउसीभैलो खेल्ने गरिन्छ । समाजका व्यक्तिहरू जम्मा भएर एकअर्काको घर घुम्दै गाउँदै देउसीभैलो खेल्दा पारस्परिक सम्बन्धहरू बलियो हुँदै जाने र बिग्रेका सम्बन्धहरूमा सुधार पनि आउँछ ।

यो पर्वको अन्तिम दिन भाइटीका हो । जसलाई दाजुभाइको स्वास्थ्यसँगसमेत जोडिने गरिन्छ। कन्दमुल र फलफूल उपहार दिएर दाजुभाइलाई दीर्घायुको कामना गरी यो पर्व मनाउने गरिन्छ । मखमली फूलको माला लगाएर कहिले नओइलिउन् भन्ने शुभकामना गरिन्छ । अनि सप्तरंगी टीका लगाएर आशीर्वाद आदानप्रदान गरिन्छ ।

तर, पछिल्ला दिनहरूमा भाइटीका मसला, माला, टीकामा मिसावटयुक्त सामग्री छ्याप्छ्याप्ती भेटिन थालेका छन् । यसले दाजुभाइको स्वास्थ्यमा असर पर्न सक्छ । त्यसैले पनि दीर्घायुका कामना गरिने यो पर्वमा दिदीबहिनीले ख्याल गर्नुपर्ने विषय बनेको छ स्वस्थ्यवर्द्धक खानेकुरा । यसैगरी बजारिया सरसामान, धनतेरसको नाममा महँगा धातुहरू किन्ने परम्परा बढ्दो छ । मौलिक परम्परामा यस खालका देखासिकी पर्दैनन् । त्यसैले पनि यस्ता खाले देखासिकी र मौलिकपनलाई नास्ने विषयलाई बढावा दिनहुन्न ।

नेपाली मौलिक पन झल्कने उज्यालो, खुसी अनि थप धन आर्जन गर्ने आशीर्वाद लिने पर्वलाई देखावटीको पर्व बनाउन हुन्न । धन र मन जोडिने यो पर्वको अवसरमा यसपटकको मौसम निकै राम्रो पनि छ । राजनीतिक स्थिरता र देशको आर्थिक स्थिरतामा भने गडबढी जारी छ । यसका बावजुत् पनि हामी एक भएर पर्वमा रमाउन सकेका छौं । यही पर्वको अवसरमा हाम्रा पाठक, शुभेच्छुक, विज्ञापानदाता सम्पूर्णमा हार्दिक शुभकामना ।

## मनन्योग्य

### चाणक्य नीति

यस सामाजिक नियम(लाई जसले तोड्दछ, कसूर ठहरिन्छ । कसूरको मात्रालाई विचार गरर यस्तो कसूर गर्नेलाई दण्ड सजाय गर्ने नै 'धर्म देवता' हुन् । जसलाई 'यमराज' पनि भनिन्छ । यमराज कतिसम्म सावधान भई आफ्नो कर्तव्यको पालना गर्नुपर्छ अति सामान्य त्रुटी हुन गएछ भने यमराज स्वयम्ले पनि सजाय भोग्नु पर्द भन्ने कुरा हामी ज्यादै थोरै व्यीक्त मात्रले थाहा पाएका छौं ।

पृथ्वीको नैऋत्य कोणमा धर्मराजको संयमिनी सहर हालको यमन या युनान हो कि भनी अड्कल गर्न सकिन्छ) । त्यस सहरमा अति विशाल (भव्य) महलहरू थिए । त्हयाँ धर्मराज आफ्ना मन्त्रीहरू र धार्मिक सभासदहरूका साथ बस्ने गर्नुहुनछ ।

धर्म र अधर्मका तत्व के हुन् भन्ने कुरा भगवान् स्वयम्ले मात्र सुनुभएको छ अथवा भगवान्लाई भेट्न पाउने ऋषि महर्षिहरूले युकेका होलान् । भगवान्को त्यो रूप जसले सकल प्राणीको हृदयभित्र रहेर सम्पूर्ण जगत् र प्राणीहरूल(ाई आफूभित्र समाहित गरेको छ । धर्मकै आधारमा नै सबैको स्थिति (व्यवस्था बनेको छ । धर्ममा नै सबै कुरा आबद्ध छन् । यसैले धर्मलाई परम तत्व भनिएको छ ।

भाव-भेदका कारण (१) आ(ध्यात्मिक (२) आधिदैविक (३) आधिभौतिक गरी तीनवटा धर्मका स्वरूप छन् । धर्मको पहिलो आ(ध्यात्मिक स्वरूप स्वयम् भगवान् नै हुनुहुन्छ । दोस्रो आधिदैविक स्वरूप धर्मराज अथवा यमराज(लाई मानिएको छ । यिनैले यस संसारमा विचरण गरेर पुण्य गर्ने र पाप गर्नेहरूका कर्म र कुकर्मको पहिचान गर्दै कर्मफलको व्यवस्था गर्दछन् । यसैले धर्मराजलाई सकल प्राणीको व्यावहारिक धर्मको अधिष्ठात् देवता हुन् भनी मानिदै आएको छ । तेस्रो आधिभौतिक स्वरूप भन्नु सामाजिक व्यवस्था हो शास्त्र र यसको तत्वलाई भ(लभाती बुझेका ऋषि सामाजिक व्यवस्थाका नियमहरू बनाएका छन् । यी नियमहरूको पनि देश, काल, पात्र, शक्ति, वय आदिले गर्दा अनेकौं भेद र प्रकारहरू बनेका छन् । क्रमशः

# तिहारमा दाजुभाइलाई स्वस्थ उपहार



■ डा. अरुणा उप्रेती

> हामीले तिहार पर्व दाजुभाइको दीर्घायु र सुस्वास्थ्यका लागि मनाउँछौं । त्यसैले उनीहरूको स्वास्थ्यको ख्याल राख्नु दिदीबहिनीको कर्तव्य हो । अहिले उपहारमा पनि अनेक फलफूलको जुस होइन, स्थानीय फलफूल नै दिनुपर्छ । बट्टाको फलफूलको जुसले शरीरमा धेरै बेफाइदा गर्छ । बट्टाको जुसहरूमा एकदमै धेरै चिनीको मात्रा हुन्छ । अहिलेको समयमा चिनीको प्रयोगले मानिसहरूलाई विभिन्न किसिमका समस्या आइपरेका छन् । त्यसमाथि यदि कसैका दाजुभाइ मधुमेहका बिरामी छन् भने त झनै समस्या हुन्छ । त्यसकारणले बारीमा, पसलमा सजिलै पाइने अम्बा, सुन्तला, अमला हलुवाबेदजस्ता खानेकुराले दाजुभाइको तिहार विशेष बनाऔं ।

नेपालीले सांस्कृतिक पर्व तिहार ढोकामा आएको छ । यस पर्वलाई दाजुभाइ र दिदीबहिनीबीच विभिन्न उपहार पनि लिनेदिने पर्वका रूपमा पनि लिने गरिन्छ । दिदीबहिनीले दाजुभाइको दीर्घायु र सुस्वास्थ्य कामना गर्ने पर्व हो, तिहार । दाजुभाइलाई विभिन्न किसिमका भाइमसला मिठाइका परिकार खुवाउने, टीका लगाउने, पूजा गर्ने र त्यसपछि दाजुभाइले पनि दिदीबहिनीलाई स्नेहपूर्वक उपहार दिने एकदमै राम्रो चलन हो । यो चलनलाई जोगाउनुपर्छ । तर यो पर्व मनाउँदै गर्दा विभिन्न मसला र भोजन दाजुभाइलाई दिँदा त्यस्तो भोजन कस्तो तरिकाले बनाइएको र कस्तो तेल प्रयोग गरिएको छ भनेर विचार चाहिँ गर्नुपर्छ ।

तेलको गुणस्तरले भोजनको गुणस्तरमा पनि असर पार्ने हुँदा आफूले प्रेमपूर्वक दिएको खानेकुराले कुनै असर नगरोस् भन्ने कुरामा ध्यान दिनु आवश्यक छ । बारम्बार एउटै तेलको प्रयोग गर्दा त्यसमा नराम्रो खालको चिल्लो उत्पन्न हुन्छ । त्यसले मुटु र कलेजोलाई हानि पुर्‍याउँछ । यस्तो खाना खाएपछि दाजुभाइलाई समस्या उत्पन्न हुनसक्छ । त्यसमाथि पनि मधुमेह, उच्च रक्तचापको समस्या भएका व्यक्तिहरूमा झन् समस्या थपिन सक्छ । त्यसैले दिदीबहिनीले सबैलाई स्वस्थकर हुने घरमा बनाइएका खानेकुराको बढी प्रयोग गरे दाजुभाइलाई 'माया' गरेको ठहरिन्छ ।

तिहार पर्व मनाइरहँदा सन्तुलित र स्वस्थ खानेकुरातर्फ ध्यान दिन जरुरी छ । यो बेलामा विभिन्न तरिकाले बनाएका बढी मासु खाँदा स्वास्थ्यमा समस्या पनि आउन सक्छ । धेरै चिल्लो, मसला र पिरो राखेर पकाएको मासु स्वादिष्ट त हुन्छ । भात, रोटी, चिउरासँग त्यो स्वादिष्ट मासु खाएर पेट टन्न हुँदा पनि जिब्रो अघाएन र जिब्रोले स्वाद खोज्यो भन्दै पुनः थपेर खाँदा पेटको स्वास्थ्यमा असर गर्छ । जिब्रोको स्वादका आधारमा यसरी मासु र धेरै परिकार तथा अन्य खानेकुरा खाँदा स्वास्थ्यमा अनेक समस्या आउन सक्छ । त्यसैले संयमित भएर भोजन गर्नुपर्छ ।

पर्वका बेला कहिलेकाहीँ धेरै स्वादिष्ट मसलेदार मासु खाएको खण्डमा बिहान टन्न खाएमा दिउँसो खाजा नखाँदा पेटलाई आराम हुन्छ । पेट अटसमटस हुनेगरी मासु खाँदा झाडापखाला लाग्ने, पेट दुख्ने समस्या निम्तिन सक्छ । मासुमा रेशादार तत्त्व हुँदैन । त्यसैले मासुसँगै हरियो सागसब्जी, दही, गेडागुडी, दाल फलफूल अनिवार्य रूपमा मिलाएर शरीरलाई चाहिने मात्रा सेवन गरेर सन्तुलित आहार खाँदा स्वस्थ बन्न सकिन्छ । यस्तो साधारण कुराको ज्ञान राखेर दिदीबहिनीले दाजुभाइलाई कसरी स्वस्थ बनाउने पनि विचार गर्नुपर्छ ।

पहिला नेपालीलाई मासु खानका लागि दसैं, तिहारजस्ता चाडपर्व नै कुर्नुपर्थ्यो । आजभन्दा ४४-४५ वर्षअघि दसैं, तिहारमा मासुभात, मासु चिउरा, मिठाइ खान पाइन्छ भनेर खुसी भइन्थ्यो । यही बेलामा मात्रै मन लागे जति मासु खान पाइन्थ्यो । अरुबेलामा त एक पाउ ल्याएर परिवारले खाने भएर होला, दसैं, तिहारको बेला धेरै मासु खाने चलन थियो । अहिले मासु खान दसैं, तिहारजस्ता चाडपर्वमा पर्खिनु पर्दैन । दैनिक जीवनमा पनि हप्तामा एक/दुई चोटी मासु प्रायः धेरै परिवारमा पाक्छ । मासुमात्रै लगातार खाने अनि दाल, गेडागुडी, हरियो सागसब्जीलाई बेवास्ता गर्दा कब्जियतको समस्या हुन्छ । शरीरलाई चाहिने प्रोटिन तत्त्व प्राप्त गर्नका लागि सबै खानेकुरालाई मिलाएर खानुपर्छ ।

चाडपर्वको बेला मासु बढी खाने तर अन्य स्वस्थकर खानेकुरालाई बेवास्ता गर्दा मधुमेह, युरिक एसिड, अत्यधिक मोटोपन, ग्यास्ट्रिक भएकाहरूलाई झन् समस्या पर्छ । विदेशतिर काँचो मासु काटेर डिप-फ्रिजमा राख्छन् र आफूलाई चाहिएका बेला निकालेर पकाउँछन् । हामीकहाँ चाँहि धेरै मासु एकैपटक पकाएर फ्रिजमा राख्ने, त्यसपछि पुनः खाने बेलामा सबै निकालेर एकैचोटि तताउने, चाहिएको खाने अनि फेरि फ्रिजमा राख्ने गरिन्छ । यसरी फ्रिजमा राख्दै, बाहिर निकाल्दै खाने अनि फेरि फ्रिजमा राख्ने गर्दा मासुमा भएको पौष्टिक तत्त्व र गुणात्मकता घट्छ । खानामा विषालु तत्त्व उत्पन्न पनि हुनसक्छ । धेरै मासु एकैचोटी ल्याएर डिप-फ्रिजमा काँचो मासु राख्ने, जति चाहिन्छ, त्यतिमात्रै निकालेर पकाउने गर्नुपर्छ । सकेसम्म जुनसुकै खानेकुराहरू फ्रिजमा राखेको २४ घण्टादेखि ४८ घण्टाभित्र खानुपर्छ । अहिले नसर्ने रोगहरूको बिगबिगी बढेकाले दाजुभाइको स्वास्थ्यमा राम्रो फाइदा गर्ने भोजन दिनुपर्छ ।

यदि कोही दाजुभाइहरू शाकाहारी छन् भने उनीहरूलाई दही, दूध, पनिर, च्याउ, तोफु, फापर, विभिन्न थरिको रोटी, ढिँडो, चिउराका परिकार आदि खानेकुरा मिलाएर भोजन गराउँदा स्वाद र स्वास्थता दुवै पाइन्छ । तिहारमा चाडपर्वमा मिठाइ कोसेली लैजान त बन्द नै गर्नुपर्छ । मैले त घरमा आउने पाहुनालाई 'मिठाइ ल्याउँदा पनि नल्याउनुहोस्' भनेको छु । म पनि अरुकोमा जाँदा फलफूल नै लैजान्छु । फलफूल लैजान सजिलो पनि छ । अलि सम्मान गर्ने व्यक्तिको घरमा जाँदा काजु लैजान्छु । गाउँबाट ल्याएको तामा, कोदो, फापर लैजान्छु । तिहारमा म कहिल्यै मिठाइ किन्दिनँ । अरूलाई उपहार दिँदा पनि दिन्न ।

तिहारमा रमाइलो गरेर मनाइरहँदा स्वास्थ्य अवस्थालाई चाहिँ ध्यानमा राख्नुपर्छ । यो बेला चिल्लो धेरै खायो भने बिरामी परिन्छ । त्यसको असर दीर्घकालीनरूपमा पनि पर्न सक्छ । पाँच/छ फिटको शरीरका लागि तीन चार इन्चको जिब्रोले 'कन्ट्रोल' गर्न नसक्दा समस्या पर्छ । दाजुभाइले पनि आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर खानपिन गर्नुपर्छ । यो बेला मासु तरकारी, दालभात, विभिन्न किसिमका परिकारहरू खाइन्छ । भोजनले पेट भर्ने मात्र होइन, यो आनन्द पनि जोडिएको छ । पेट भर्ने घर परिवारसँग पाहुनालाई सँगै खाँदा छुट्टै आनन्द आउँछ । तर, यस्तो बेला खानेकुरामा एकदमै विचार गर्नुपर्छ । दाजुभाइलाई पाहुना बोलाएको बेला विशेषगरी मासु एकदमै चिल्लो र मसलादार साथै हेर्दा राम्रो लाग्नेगरी बनाइन्छ । तर, यस्तो मासु धेरै खाँदा स्वास्थ्यमा असर गर्छ भन्ने कुरा बुझ्नुपर्छ । स्वास्थ्यलाई नराम्रो असर पर्ने कुराहरू सकेसम्म दाजुभाइलाई पर्वको बेला दिनु हुँदैन । मासु र भात पकाएर खाँदा पेट भरिए पनि मुख भरिएको छैन भनेर खाइन्छ ।

पर्वको बेला धेरै चिल्लो, गुलियो पदार्थहरू चिसो पेयपदार्थ, मिठाइलगायत खाँदा मानिसहरूको शरीरमा विशेषगरी कलेजोमा बोसो जम्ने समस्या हुन्छ । त्यही कारणले पनि चाडपर्वमा मासुदेखि मिठाइसम्म चिसो पेयपदार्थदेखि अन्य पेय पदार्थहरूसम्म सेवन गर्दा धेरै विचार गर्नुपर्छ । जुन वस्तुले स्वास्थ्यमा राम्रो असर पार्छ, त्यही खानुपर्दछ । तिहारको बेला 'ड्राइफुड्स्'का विभिन्न प्रकार जस्तैः काजु किसमिस, बदाम, ओखरको प्रयोग गरेर परिकार बनाउन सकिन्छ । यिनीहरू एकदमै स्वास्थ्यवर्द्धक खानेकुरा हुन् । तर, यी खानेकुराको प्रयोग एकैपटक धेरै गर्नु भने हुँदैन । अलिअलि थोरैथोरै हरेक दिन खाने गरेमा स्वास्थ्यमा सकारात्मक असर पर्छ । भाइमसलामा शरीरलाई चाहिने पौष्टिक तत्त्व प्रशस्त मात्रामा पाइन्छ । यस्तो खानेकुराको प्रयोग हामीले हलुवा, खिरमा मिसाएर पनि खान सकिन्छ । यसको प्रयोगले खानेकुरा मीठो र स्वस्थकर हुन्छ ।

भाइमसलाहरू महँगो हुन्छ । काजु, ओखर आदि थोरैथोरै धेरै प्रकारका खानेकुरा बनाएर खाए पनि पुग्छ सकिन्छ । सस्तो बदामलाई गरिबहरूको काजु भनिन्छ, तिहारमा 'बदाम' प्रयोग गरेर विभिन्न परिकार बनाउन सकिन्छ । यो बेलामा दाजुभाइलाई बाहिरबाट ल्याइएका खानेकुरा दिनुभन्दा घरमा नै बनाइएका विभिन्न प्रकारका खानेकुरा स्वस्थकर हुन्छ । बाहिरबाट ल्याइएका प्याकेटका खानेकुरा उपहार दिँदा दाजुभाइको स्वास्थ्यलाई झन् नकारात्मक असर पार्छ । यस्ता खानेकुरा ल्याएर दाजुभाइलाई 'माया गरेको' नठाने हुन्छ ।

हामीले तिहार पर्व दाजुभाइको दीर्घायु र सुस्वास्थ्यका लागि मनाउँछौं । त्यसैले उनीहरूको स्वास्थ्यको ख्याल राख्नु दिदीबहिनीको कर्तव्य हो । अहिले उपहारमा पनि अनेक फलफूलको जुस होइन, स्थानीय फलफूल नै दिनुपर्छ । बट्टाको फलफूलको जुसले शरीरमा धेरै बेफाइदा गर्छ । बट्टाको जुसहरूमा एकदमै धेरै चिनीको मात्रा हुन्छ । अहिलेको समयमा चिनीको प्रयोगले मानिसहरूलाई विभिन्न किसिमका समस्या आइपरेका छन् । त्यसमाथि यदि कसैका दाजुभाइ मधुमेहका बिरामी छन् भने त झनै समस्या हुन्छ । त्यसकारणले बारीमा, पसलमा सजिलै पाइने अम्बा, सुन्तला, अमला हलुवाबेदजस्ता खानेकुराले दाजुभाइको तिहार विशेष बनाऔं । खानेकुरा घरमा दाल, भात, तरकारी, माछामासु बनाउँदा पनि चिल्लो, पिरो कम गरी बनाउनुपर्छ । स्वादका लागि टमाटर, लप्सी, तिल, सिलाम, आलस, आलुको अचार बनाउन सकिन्छ । अचार खाँदा यसमा हालेको अमिलोमा भिटामिन 'सी' हुन्छ, त्यसले रोगसँग लड्ने शक्ति बढाउँछ । सरल र सहजरूपमा पाइने खानेकुराको प्रयोग गरेर पनि तिहार विशेष बनाउन सक्छौं ।

चाडपर्व भन्दैमा खानेकुरा अव्यवस्थितरूपमा खानु हुँदैन । खानेकुराको व्यवस्थापन र उचित आहार स्वस्थ जीवनशैलीको प्रतीक हो । चिल्लो, पिरो, अमिलो तथा हरेक प्रकारका खानेकुरालाई व्यवस्थापन गर्न सकिन्छ । हरेक खानेकुरा समयमा खानाले स्वास्थ्य भई चाड मनाउन सकिन्छ । रमाइलो गर्ने हो तर स्वास्थ्यको ख्याल गर्दै गरेका हरेक कुरा हाम्रा लागि लाभदायक हुने गर्दछन् । चाडबाड मनाउँदै गर्दा स्वास्थ्यको क्षति नगरी हरेक खानेकुराले आफन्ती तथा दाजुभाइको स्वास्थ्यको ख्याल गर्नुपर्छ । *रासस*

*(लेखक पोषणविद् हुन्)*

## पत्र-मञ्जुषा

# सबैको सम्पत्ति छानबिन गर्ने कि सरकार ?

काठमाडौं उपत्यकामा होस् या बाहिरी जिल्लामा बाटोमा हिँड्दा विशेषगरी दुईटा वस्तु देखिन्छ । एउटा करोडदेखि अर्ब खर्चिएर बनाइएका घर, अर्को लाखदेखि करोडौंको गाडी । यस्ता घर बनाउने र गाडी चढ्नेमा राजनीतिक दलका नेता, सरकारी कर्मचारी र व्यापारी पाइन्छन् । अहिले सरकारी सेवाको पियनदेखि उच्च पदस्थमा रहेकाले महँगा ठाउँमा चार आनादेखि रोपनी जग्गामा घर बनाएको भेटिन्छ । एउटै घरमा करोडदेखि अर्बसम्म लगानी गरिएको हुन्छ । फेरि उसैको घर आँगनमा पाँच लाखदेखि २५ करोडसम्म पर्ने निजी प्लेटका सवारीसाधन हुन्छन् ।

२०४६ सालअघि सरकारी कर्मचारीको तलब पदअनुसार मासिक ३०० रूपैयाँदेखि पाँच हजार रूपैयाँसम्म थियो । अहिले पनि कर्मचारीहरूको पदअनुसार २५ हजारदेखि एक लाख रूपैयाँसम्म तलब रहेको छ । अनि यति थोरै तलब भएका कर्मचारीले आनाकै ६० लाखदेखि १४ करोडसम्म पर्ने जग्गा किनेर करोडौं खर्चिएर दरबार बनाउन सक्छ ? हाल सरकारी सेवामा कार्यरत अधिकांश कर्मचारीका छोराछोरी महँगा विद्यालयमा अध्ययनरत रहेको पाइन्छ । उनीहरू छोराछोरीकै मासिक लाखौं फि तिर्छन् । फि नै लाखौं तिरेपछि अन्य खर्चचाहिँ कसरी धान्छन् त ? कर्मचारीहरूकै घरमा छाकैपिच्छे माछामासु पाक्छ । फलफूलदेखि दही, दूध दिनहुँ खान्छन् । सुन, चाँदीलगायत गरगहना, सेयरमा यत्तिकै लगानी हुन्छ भने बैंकमा पनि करोडौं बचत गरेर राखेका हुन्छन् । चाहे बहालवाला सरकारी कर्मचारी होस् या सेवा निवृत्त । चाहे वडाध्यक्ष होस् या सांसद, प्रधानमन्त्री, पूर्वराष्ट्रपति । साना किराना पसलेदेखि ठूला व्यापारीसम्मका सम्पत्ति यस्तै रहेको पाइन्छ ।

उनीहरूले आफ्ना सन्ततिलाई महँगा विद्यालयका पढाएका छन् । कतिपयले लाखौं खर्चिएर अमेरिका, अस्ट्रेलियालगायत मुलुक पठाएको पनि पाइन्छ । सरकार पनि कर्मचारी, नेता तथा व्यापारीहरूको सम्पत्ति आयआर्जनको स्रोत खोल्दैन । कसरी यत्रो सम्पत्ति यति छोटो अवधिमा प्राप्त भयो ? त्यही पनि कम तलब खाएर र बढी खर्चिएर ? सरकार यसतर्फ चासो देखाउँदैन । किनकि अरूको सम्पत्तिको स्रोत खोजेमा सरकारमा बसेकाहरूले पनि त आफ्नो सम्पत्तिको स्रोत खुलाउनुपर्‍यो । तर, हाम्रोमा त मन्त्री, प्रधानमन्त्रीहरू नै आफ्नो सम्पत्ति विवरण सार्वजनिक गर्न डराउँछन् अनि अरुको के खोजतलास गरोस् !

अहिले सरकारी सेवामा कार्यरत अधिकांश कर्मचारीको काठमाडौं उपत्यकामै महलजस्तो घर भेटिन्छ । जागिर खाएको एकाध वर्षमै कर्मचारीहरूले घर ठडाएका हुन्छन् । फेरि उपत्यकाका महँगा बोर्डिङ स्कुलमा उनीहरूले आफ्ना छोराछोरी पनि पढाएका छन् । कुनै पनि व्यक्तिले उपत्यकामा घर बनाउन उसको मासिक आम्दानी पाँच लाखदेखि ५० लाख रूपैयाँ हुनुपर्छ । तर, सरकारी कर्मचारीको यत्रो तलब हुँदैन । अनि कसरी उनीहरूले जागिर खाएको एकाध वर्षमै उपत्यकाजस्तो महँगो ठाउँमा जग्गा किनेर घर बनाउँछन् ? यो भ्रष्टाचार होइन र ?

हामीकहाँ सरकारी कर्मचारीलाई राष्ट्रसेवक भनिने गरिएको छ । जनताले तिरेको करबाट सरकारले उनीहरूलाई तलबभत्ता खुवाउने गरेको छ । कार्यालय आउजाउका निम्ति जनताकै कर खर्चिएर किनिएका महँगा गाडी पनि दिइएको छ । विडम्बना, यति गरिदिँदा पनि कर्मचारीहरूलाई पुग्दैन । जनताकै करबाट तलबभत्ता खाएर कर्मचारीहरू जनताकै काम गर्न मान्दैनन् । अहिले सरकारी कार्यालयमा जाँदा सर्वसाधारणले निकै दुःख, हैरानी भोग्नुपरेको देखिन्छ ।

कर्मचारीहरू दुई मिनेट लाग्ने कामलाई दुई महिना लगाइदिन्छन् । पढलेख गर्न नआउनेसँग राम्रो बोलीवचन गर्दैनन् । उनीहरूलाई त मान्छे नै ठान्दैनन् । जबकि तीनै नेपालीले दिनरात मिहेनत गरेर कमाएर तिरेको करबाट तलबभत्ता खान्छन् । पोसाक लगाउँछन् । ०४६ सालअघि र पछिका सरकारी कर्मचारी, राजनीतिक दलका नेताहरूको सम्पत्ति छानबिन गरेमा सबै भ्रष्टाचारी भेटिन्छन् ।

व्यापारीहरू पनि उस्तै छन् । एक सयको सामान पाँच सयमा बेचेर सर्वसाधारण ठग्ने अनि राजस्व छल्ने । नेपालको अधिकांश भूभाग चीन र भारतले कब्जा गरेर आफ्नो बनाइसकेको छ । बाँकी भएको भूभागमा दरबारजस्ता घर ठडिएको छ । बाटोमा महँगा सवारीसाधन गुडिरहेका छन् । छोराछोरी अमेरिका, अस्ट्रेलिया भएका आमाबुबाहरू यहाँ घाँटीमा तोलाका तोला सुन लगाएर हिँडेको देखिन्छ । कतिपय नेपालीहरूले आफ्नो यहाँ भएको सम्पत्ति नै बेचेर अमेरिका, अस्ट्रेलियामा घर किनेका छन् । दसैं पनि उनीहरू त्यतै बनाउँछन् । सरकार भने घरजग्गा, गाडी र सेयरमा लगानी भएकासँग एकातिर कर उठाउन सक्दैन भने अर्कोतिर यो सम्पत्ति कसरी आयआर्जन भयो भनेर खोजतलास पनि गर्दैन ।

बरु सरकार देशै धितो राखेर विदेशीसँग ऋण लिइरहन्छ । सरकारले वैदेशिक ऋण २७ खर्ब लिइसक्यो । अझै पनि लिने क्रम जारी छ । अहिले सरकार विदेशीसँगै ऋण लिएर कर्मचारी, जनप्रतिनिधिलाई तलबभत्ता खुवाइरहेको छ । एउटा देशसँग ऋण लिएर अर्को देशको साँवाब्याज तिरिरहेको छ । यस्तो कहिलेसम्म चलिरहन्छ ?

पछिल्लो जनगणनाअनुसार मुलुकको जनसंख्या दुई करोड ९१ लख ६४ हजार ५७८ रहेको छ । अब यी सबैको सम्पत्ति छानबिन गर्ने हो कि ? कसको कति सम्पत्ति छ भनेर खोजबिन गर्ने हो कि ? कति धनी र कति गरिब छन् ? र, धनी कसरी धनी भए र गरिब कसरी गरिब भए ? भनेर पनि खोज्ने कि ?

'सम्पूर्ण प्रायोजक तथा सहयोगी संघसंस्था एवं स्वयंसेवक साथीहरूको अमूल्य सहयोग बिना भूमि महोत्सव सम्भव हुने थिएन । त्यसका लागि म सबैलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु । स्थानीय कला र संस्कृतिको संरक्षण र प्रवर्द्धनका लागि मुख्य प्रायोजकको रूपमा हामीसँग सहकार्य गरेकोमा एनसेल फाउन्डेसनलाई विशेष धन्यवाद,' भूमि लोक महोत्सवकी कार्यकारी निर्देशक चन्द्रेशा पाण्डेले भनिन् ।

भूमि फाउण्डेशनका अध्यक्ष रश्मि रञ्जन झाले जनकपुर सहरले यस कार्यक्रमप्रति देखाएको आत्मीयता, स्वामित्वभाव र सहयोगले आउँदा वर्षहरूमा अझै धेरै उत्साहका साथ यस्ता कार्यक्रम आयोजना गर्ने हौसला बढाएको बताए । मधेसको समृद्ध साङ्गीतिक एवं सांस्कृतिक विरासतलाई संरक्षण र पुनरुत्थान गर्ने उद्देश्यसहित सुरुवात गरिएको यस लोक महोत्सवले जनकपुरका नागरिकका लागि एक मौलिक सांस्कृतिक अनुभव सिर्जना गर्न मद्दत पुऱ्याएको छ ।

'यस भेगमा आयोजना हुने सर्वाधिक कार्यक्रमहरूमा भारत बाहेकका अन्य देशका पर्यटकहरूको उपस्थिति प्रायजसो न्यून नै रहने गरेको बेला यस भूमि लोक उत्सवमा युरोप, अमेरिका, चीन लगायतका झन्डै १० देखि १२ देशका पर्यटकहरूको उत्साहजनक उपस्थिति देखिएको', कार्यक्रम संयोजक सुमित मिश्रले बताए ।

# वेभ सिरिज 'मिर्जापुर' अब फिल्म बन्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** चर्चित भारतीय वेभ सिरिज मिर्जापुरको अब फिल्म बन्ने भएको छ । एक्सेल मुभिजले मिर्जापुरको फिल्म बनाउने घोषणा गर्दै टिजर सार्वजनिक गरेको छ । फिल्ममा तेस्रो भागबाट हटाइएका मुन्ना भैया उर्फ दिव्यन्दु शर्माको पनि पुनरागमन पक्का भएको छ ।

रिलिज भएको टिजर अनुसार मिर्जापुर फिल्ममा सिरिजको महत्वपूर्ण पात्र मुन्ना भैयाको पुनरागमन पनि देखिनेछ, जसको भूमिका दिव्यन्तले निभाएको थियो ।

शृंखलाको दोस्रो सिजनमा उनको चरित्रलाई मारिएको थियो र तेस्रो सिजनमा उनी नहुदा सिरिजलाई नै असर



गरेको थियो । निर्माताले फ्यानहरूको उच्च मागसँगै मुन्ना भाईको विशेष भाग नै रिलिज गर्नु परेको थियो ।

पहिलो सिजनमा मारिएका कम्पाउण्डरको भूमिका निभाएका अभिषेक बनर्जी पनि फिल्ममा कमब्याक गर्ने भएका छन् ।

घोषणा अनुसार चलचित्र मिर्जापुर सन् २०२६ मा ठूलो पर्दामा रिलिज हुनेछ । एक्सेल मुभिको ब्यानरमा यसलाई रितेश सिधवानी र फरहान अख्तरले निर्माण गर्दैछन् । फिल्मलाई गुरमीत सिंहले निर्देशन गर्नेछन् ।

घोषणापछि मिर्जापुर फिल्म गुगलमा लगातार सर्च भइरहेको छ । सोमबार दिउँसो घोषणा भएदेखि नै मिर्जापुर गुगल र सामाजिक सञ्जाल साइटहरूमा ट्रेन्डिङ भइरहेको छ । मिर्जापुर विगत केही सातादेखि चर्चामा थिएन, तर फिल्मको घोषणासँगै दर्शकमा आफ्नो मनपर्ने पात्रलाई फेरि हेर्ने उत्सुकता बढेको छ ।



**साफ च्याम्पियनसिप**

# च्याम्पियन सपनामा बंगलादेशसँग पुनः नेपाल स्तब्ध

■ प्रभाव संवाददाता




**काठमाडौं–** लामो समयपछि घरेलु मैदानमै खुशी दिलाउने नेपाली महिला फुटबल टिमको चाहनामा पुनः बंगलादेश 'खलनायक' सावित भएको छ । राजधानीको त्रिपुरेश्वरस्थित दशरथ रंगशालामा बुधबार साँझ सम्पन्न साफ च्याम्पियनसिपको फाइनल खेलमा नेपाल लगातार फाइनलमा बंगलादेशसँग पराजित हुँदै पुनः उपविजेतामा सीमित भएको छ ।

रोमाञ्चक सेमिफाइनलमा दक्षिण एशियाली जायन्ट भारतलाई पराजित गर्दै फाइनल प्रवेश गरेको नेपाललाई फाइनलमा बंगलादेशले २-१ पराजित गर्दै उपविजेता मै सीमित राखेको हो ।

योसँगै बंगलादेशले लगातार साफ जित्न सफल भएको छ । अघिल्लो संस्करणको फाइनलमा पनि बंगलादेशले नेपाललाई यही मैदानमा ३-१ ले हराएको थियो ।

बंगलादेशलाई मनिका चक्माले सुरुआती अग्रता दिलाइन् । उनले ५३औं मिनेटमा अमृता जैशीले गरेको गल्तीमा गोल गरेकी हुन् । गोलरक्षक एन्जिला तुम्बापोले बचाउने प्रयास गरेपनि सकिनन् । तर, त्यसको चार मिनेटपछि नै अमिषा कार्कीले गोल फर्काइन् । प्रीति राईको बलमा अमिषाले काउन्टर अट्याकमा गोल गरेकी हुन् ।

त्यस्तै ८१औं मिनेटमा बंगलादेशले पुन अग्रता लियो । ऋतु पोर्ना चक्माले अनिता केसीलाई बिट गर्दै प्रहार गरेको बललाई एन्जिलाले बाहिर पठाउने प्रयास गरेपनि असफल हुँदा नेपाल खेलमा पछि पऱ्यो । त्यसपछि खेलमा कुनै गोल हुन नसकेपछि नेपालको उपाधि चुम्ने सपना तुषारापात भयो ।

खेलको पहिलो हाफमा दुवै टिमबाट कुनै गोल हुन सकेन । खेलमा नेपालकी साबित्रा भण्डारी 'साम्बा'ले केही उत्कृष्ट मुभहरू बनाए पनि गोलमा परिणत गर्न असफल भएपछि नेपाललाई जित दिलाउन सकिनन् । ६१ औं मिनेटमा साम्बाको प्रहार पोष्ट नजिकैबाट बाहिरिएको थियो ।

नेपालको खेलमा स्टार खेलाडी रेखा पौडेलको अभाव खड्किएको थियो । साम्बाले निकालेका कतिपय पासहरू रेखा भएको भए गोल हुनसक्ने देखिएका थिए । त्यस्तै रेखाले निकाल्ने केही पासहरूमा साम्बाले नतिजा दिन सक्नेथिइन् ।

रेखाले भारतविरुद्धको सेमिफाइनल खेलमा दोहोरो पहेंलो कार्डपछि रातोकार्ड पाएपछि फाइनल खेल गुमाएकी थिइन् ।

बंगलादेश यसअघि २०२२ मा पनि नेपाललाई नै पराजित गर्दै साफ च्याम्पियन बनेको थियो भने नेपाल यससँगै फाइनलमा छैटौंपटक पराजित भएको हो ।

# बक्सिङमा स्वस्तिका र नोर्बुलाई स्वर्ण

■ प्रभाव संवाददाता



**काठमाडौं–** नेपालका स्वस्तिका तिरुवा र नोर्बुथेन्डुप शेर्पाले मंगलबार आइएसएफ जिम्नासाइड समर गेम्सको बक्सिङमा स्वर्ण पदक जितेका छन् । बहराइनको मानामास्थित अल अहली क्लबमा भएको फाइनलमा दुवैले ब्राजिलका खेलाडीलाई पराजित गरेका हुन् ।

महिला ५४ केजीमुनि फाइनलमा स्वस्तिकाले ब्राजिलकी ओलिभिएरालाई ५-० ले पराजित गरिन् । सेमिफाइनलमा उनले ब्राजिलकै बारोस फरेरा मार्सैलो डीलाई ५-० ले हराउँदै फाइनलमा स्थान सुरक्षित गरेकी थिइन् ।

समग्रमा तीन अन्तर्राष्ट्रिय प्रतियोगिता खेलेकी स्वस्तिकाको यो पहिलो अन्तर्राष्ट्रिय स्वर्ण हो । स्वस्तिकाले सन् २०२१ मा दुबईमा भएको एसियाली जुनियर बक्सिङ प्रतियोगितामा कांस्य जितेकी थिइन् । ठमेलस्थित एभरेस्ट माविबाट प्लस टु उत्तीर्ण गरेकी सुदूरपश्चिमको कञ्चनपुर निवासी स्वस्तिकाले जोर्डनमा भएको एएसबीसी युथ तथा जुनियर बक्सिङमा पनि सहभागिता जनाएकी थिइन् । सन् २०२१ बाट बक्सिङ खेल्न थालेकी स्वस्तिकाले २ वर्षअघि भएको खुला राष्ट्रिय बक्सिङ प्रतियोगितामा स्वर्ण जितेकी थिइन् । बक्सिङमा नेपालबाट सहभागी स्वस्तिका एक्लो महिला खेलाडी हुन् ।

पुरुष ८० केजीमुनि युथमा नोर्बुले फाइनलमा ब्राजिलका रेजेन्डा अक्युलेस वालिफरलाई ३-२ ले हराए । सेमिफाइनलमा उनले बहराइनका अनास अल जलाकीलाई पराजित गर्दै फाइनलमा स्थान पक्का गरेका थिए ।

नोर्बुको यो नै पहिलो अन्तर्राष्ट्रिय पदक हो । पाँच खेलाडीले सहभागिता जनाएकोमा स्वस्तिका र नोर्बुसहित नेपालका चार खेलाडीले पदक जिते । नेपालले समान २/२ स्वर्ण र कांस्य जित्यो । पुरुष ४६ केजीमुनि रोहित जनाला तथा पुरुष ८० केजीमुनि सूर्यान वैद्यले कांस्य हात पारे । पुरुष ६३ केजीमुनि प्रतिस्पर्धा गरेका युनिक राई मात्र पदकविहीन बने ।

# काभा पुरुष भलिबल डिसेम्बरमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** काभा पुरुष भलिबल क्लब च्याम्पियनसिप आगामी डिसेम्बर पहिलो साता हुने भएको छ । नेपाल भलिबल संघको दशौं पूर्ण बैठकले पहिलोपटक हुन लागेको काभा पुरुष क्लब च्याम्पियनसिप ८ सेम्बर ७ देखि १४ सम्म (मंसिर २२ देखि २९ गते) आयोजना गर्ने निर्णय गरेको हो ।

सेन्ट्रल एसियन भलिबल एशोसिएसन (काभा) को कार्यक्रम अनुसार नेपाल भलिबल संघले उक्त प्रतियोगिता आयोजना गर्न लागेको हो । यस वर्ष भलिबल संघले आयोजना गर्ने यो दोस्रो अन्तर्राष्ट्रिय प्रतियोगिता हो । यसअघि संघले काठमाडौंमा काभा वुमन्स नेसन्स लिग बयोजना गरेको थियो । जहाँ नेपाल उपविजेता बनेको थियो ।

यस्तै बैठकले सातौं महिला तथा आठौं पुरुष बिच भलिबल प्रतियोगिता माघ १ देखि ५ गतेसम्म सिन्धुपाल्चोकको सुकुटे बिचमा आयोजना गर्ने निर्णय गरेको छ ।

यसैगरी गत महिना श्रीलंकामा भएको काभा पुरुष यु-२० भलिबल च्याम्पियनसिपमा रजत जितेको नेपाली टोलीका खेलाडी ३० हजार नगद पुरस्कार प्रदान गर्ने निर्णय समेत भएको छ ।

यस्तै खेलकुद पुरस्कार कार्यविधि अनुसार पाउनुपर्ने पुरस्कारका लागि संघले राष्ट्रिय खेलकुद परिषद्मा कागजपत्र समेत बुझाइसकेको संघले जनाएको छ ।

मिसन २०२६ अन्तर्गत मंसिर १ देखि सुरु हुन लागेको विभिन्न खेलको बन्द प्रशिक्षणमा महिला भलिबल पनि समावेश छ । २० औं एसियन गेम्सलाई मध्यनजर गर्दै नेपाली राष्ट्रिय महिला भलिबल टिमको प्रशिक्षण पनि मंसिर १ गतेदेखि हुनेछ ।

# चुनावमा धक्का लागेपछि जापानको सत्तारूढ गठबन्धनप्रतिको समर्थनमा थप कमी

**टोकियो–** जापानका प्रधानमन्त्री शिगेरु इशिबाको पार्टीले १५ वर्षयताकै सबैभन्दा खराब चुनावी नतिजा भोगेपछि बुधबार गरिएको नयाँ सर्वेक्षणले सत्तारुढ गठबन्धनप्रतिको समर्थन अझ कम भएको देखाएको छ ।

योमिउरी शिम्बुन दैनिकले गरेको सर्वेक्षणअनुसार सरकारको समर्थन ३४ प्रतिशतमा झरेको छ भने विरोध दर ५१ प्रतिशतमा पुगेको छ । अक्टोबर १ मा पदभार ग्रहण गरेपछिको प्रारम्भिक दिनहरूमा इशिबाको मन्त्रीमण्डललाई ५१ प्रतिशत समर्थन गरेको पाइएको थियो भने ३२ प्रतिशतले समर्थन नगरेको पाइएको थियो । क्योदो न्युजले मंगलबार सार्वजनिक गरेको अर्को सर्वेक्षणमा ५३ प्रतिशतले लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) र कोमेइतोको सत्तारुढ गठबन्धन सत्तामा रहिरहोस् भन्ने नचाहेको देखिएको थियो ।

सन् २००९ मा तीन वर्षका लागि सत्ताबाट बाहिरिएको गठबन्धनलाई आइतबारको मध्यावधि निर्वाचनमा पहिलोपटक बहुमत गुमेको थियो । इशिबाले अल्पमतको प्रशासन सञ्चालन गर्ने र संसद्मार्फत कानुन बनाउन अन्य दलको स्वीकृति लिने संकेत दिइसकेका छन् । डेमोक्रयाटिक पार्टी फर द पिपुल (डिपिपी) का प्रमुखले गठबन्धन सरकारमा एलडिपीमा सामेल हुने सम्भावनालाई अस्वीकार गरेपछि मंगलबार अबेर यो अपेक्षालाई बल मिलेको थियो । डिपिपीको संसद्मा २८ सिट रहेको छ ।

डिपिपीका प्रमुख युइचिरो तामाकीले एक पत्रकार सम्मेलनमा भने, 'हामी हाम्रा नीतिहरू लागू गर्न हाम्रो सबै समर्थन दिने छौं तर गठबन्धनमा सामेल हुने छैनौं ।' यद्यपि, इशिबाले अझै पनि मध्यमार्गी डिपिपीसहित अन्य पार्टीहरूलाई नोभेम्बर ११ मा हुने मतदानमा प्रधानमन्त्री रहनका लागि संसदीय अनुमोदन प्राप्त गर्न आग्रह गरिरहेका छन् ।

विश्लेषकहरूका अनुसार इशिबा प्रशासन डिपिपीले मध्यावधि चुनावमा चलाएको कर कटौती र प्रोत्साहन खर्चको नारामा सहमत हुनसक्छ । चुनावमा अघिल्लो ९६ बाट बढेर १४८ सिट पुर्‍याउन सफल संवैधानिक डेमोक्रयाटिक पार्टी (सिडिपी) का प्रमुख योशिहीको नोडाले पनि प्रधानमन्त्री बन्ने सम्भावना छ । *रासस/एएफपी*

# न्युयोर्कमा दीपावलीको अवसरमा विद्यालय बिदा

**न्युयोर्क, अमेरिका–** इतिहासमै पहिलोपटक हिन्दू पर्व दीपावली मनाउनका लागि न्युयोर्क सहरका विद्यालयहरू नोभेम्बर १ मा बन्द हुने भएका छन् । 'यस वर्षको दीपावली विशेष छ । न्युयोर्क सहरको इतिहासमा पहिलोपटक दीपावली पर्वका लागि नोभेम्बर १ शुक्रबारका दिन विद्यालय बन्द गरिने भएको छ,' मेयरको अन्तर ाष्ट्रिय मामिला विभागका उपायुक्त दीलिप चौहानले बताए ।

'११ लाख विद्यार्थी रहेको न्युयोर्क सहरमा विद्यालय सार्वजनिक बिदा घोषणा गर्न सजिलो छैन,' चौहानले भने, 'विभिन्न समुदायका नेता, अधिवक्ता, निर्वाचित अधिकारीहरूले धेरै वर्षदेखि यस विषयमा पहल गरिरहेका थिए । अन्ततः न्युयोर्क सहरका मेयर एरिक एडम्सको प्रशासनले नोभेम्बर १, शुक्रबार विद्यालय बिदाको घोषणा गरेको छ ।'

चौहानले दीपावलीका लागि सार्वजनिक बिदा घोषणा गरेकोमा मेयर एरिक एडम्सप्रति कृतज्ञता व्यक्त गरेका छन् । चौहानले भने, 'मेयर एरिक एडम्सको यो घोषणाप्रति हामी धेरै आभारी छौं । सबैलाई दीपावलीको शुभकामना ।'

यसअघि जुनमा न्युयोर्क सहरले आधिकारिकरूपमा दीपावलीलाई सार्वजनिक विद्यालय बिदाको रूपमा घोषणा गरेको थियो । दिवाली हिन्दू, जैन, सिख र बौद्धद्वारा मनाइने प्रमुख चाडमध्ये एक हो । यो अब न्युयोर्क सहरका विद्यार्थीलाई उत्सव मनाउनका लागि सार्वजनिक विद्यालय बिदाको दिन हो । यसैबीच, अमेरिकी प्रथम महिला, जिल बाइडेन र राष्ट्रपति जो बाइडेनले अक्टोबर २८ मा ह्वाइट हाउसमा दीपावली उत्सवको आयोजना गरी संयुक्त राज्य अमेरिकाभरिका भारतीय मुलका अमेरिकीहरूलाई उपस्थित हुन आमन्त्रित गरेका थिए । ह्वाइट हाउसले सामाजिक सञ्जाल एक्समार्फत दीपावली उत्सवको तस्बिर साझा गर्दै लेखेको छ, 'ह्वाइट हाउसको तर्फबाट सबैलाई दीपावलीको शुभकामना !' *रासस/एएनआई*

## दिल्लीमा तीव्र वायु प्रदूषण

**नयाँदिल्ली–** दीपावलीको पूर्वसन्ध्यामा प्रदूषित धुवाँले राजधानीलाई ढाकेको छ भने हावाको गुणस्तर निरन्तर खराब बन्दै ३०० एक्युआइभन्दा बढी रेकर्ड गरिएको केन्द्रीय प्रदूषण नियन्त्रण बोर्डले रिपोर्ट गरेको छ । आनन्द विहारमा, बिहान ७ बजे हावाको गुणस्तर ३१५ एक्युआई रेकर्ड गरिएको थियो भने बवानामा ३१९, अशोक विहारमा ३५१ र वजीपुरमा ३२७ रेकर्ड गरिएको छ । आयानगर र नयाँदिल्लीमा वायुको गुणस्तर क्रमशः २९० र २८४ एक्युआई रेकर्ड गरिएको छ । यो 'निकै खराब' मानिन्छ । प्रदूषणको स्तर उच्च रहेकाले कालिन्दी कुञ्जको यमुना नदीमा विषाक्त फोम तैरिरहेको देखिएको थियो ।

यसैबीच, मुम्बईको बान्द्रा रिक्लेमेसन क्षेत्रमा हावाको गुणस्तर 'मध्यम' रहेको छ । यसैबीच, भारतीय जनता पार्टी (भाजपा) दिल्लीका नेताहरूले सोमबार पञ्जाबमा पराल जलाउने १०८ वटा घटना दर्ता भएको रिपोर्ट गरेका थिए भने उनीहरूले वायु प्रदूषणको चिन्तालाई लिएर पञ्जावका मुख्यमन्त्री भगवन्त मानविरुद्ध विरोध प्रदर्शनसमेत गरेका थिए । *रासस/एएनआई*

# 'विद्युतीय सवारीसाधनमा इयूको अतिरिक्त शुल्क स्वीकार्य छैन'

**बेइजिङ–** चीनमा निर्मित विद्युतीय कारमा युरोपेली संघ (इयू) को भारी नयाँ करसँग सहमत वा स्वीकार नगरेको बताएको छ । बेइजिङको वाणिज्य मन्त्रालयका एक प्रवक्ताले भने, 'चीन यस निर्णयसँग सहमत छैन र स्वीकार गर्दैन र विश्व व्यापार संगठनको विवाद समाधान संयन्त्र अन्तर्गत उजुरी दर्ता गरेको छ ।' चीनले चिनियाँ कम्पनीहरूको वैध अधिकार र हितको दृढतापूर्वक रक्षा गर्न सबै आवश्यक उपायहरू लिने छ ।'



बेइजिङको राज्य अनुदानले युरोपेली अटोमेकरहरूलाई अनुचित तरिकाले कमजोर बनाएको निष्कर्ष निकाल्दै युरोपेली संघले मंगलबार चीनमा निर्मित विद्युतीय कारहरूमा थप कर लगाउने निर्णय गरेको थियो । थप कर आगामी पाँच वर्षका लागि लगाइने छ । टेस्लाजस्ता विदेशी समूहले चीनमा निर्माण गरेका सवारीसाधनमा पनि विभिन्न दरमा अतिरिक्त शुल्क लागू हुन्छ ।

नयाँ नीतिअनुसार चिनियाँ कार कम्पनी जिलीले १८.८ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्ने छ भने एसएआइसीले सबैभन्दा बढी ३५.३ प्रतिशत कर तिर्नुपर्ने छ । चीनबाट विद्युतीय सवारीसाधनको आयातमा हाल कायम रहेको १० प्रतिशतभन्दा माथि कर लाग्ने छ । प्रवक्ताले भने, 'चिनियाँ विद्युतीय सवारीसाधनमा इयूको अनुदान विरोधी अनुसन्धानमा धेरै अनुचित र गैरअनुपालन पक्षहरू रहेको चीनले बारम्बार जोड दिँदै आएको छ र यसले संरक्षणवादी अभ्यासहरूको प्रतिनिधित्व गर्दछ ।

इयूले व्यापार तनावको वृद्धिबाट बच्न रचनात्मक दृष्टिकोण अपनाउने छ र दुवै पक्षलाई स्वीकार्य समाधानमा छिटो पुग्न चीनसँग सहकार्य गर्ने छ । बेइजिङले चीनमा आयात हुने केही डेरी र सुँगुरको मासुजन्य पदार्थमा इयूले दिएको अनुदानबारे पनि अनुसन्धान सुरु गरेको छ ।

चीन र इयूबीचको व्यापार तनाव विद्युतीय कारहरूमा मात्र सीमित छैन । ब्रसेल्सले सौर्य प्यानल र हावाबाट चल्ने टर्बाइनहरूका लागि चिनियाँ अनुदानहरूको पनि अनुसन्धान गरिरहेको छ । चिनियाँ विद्युतीय कारमा भारी कर लगाउने निर्णय इयूसँगै क्यानडा र संयुक्त राज्य अमेरिकाले पनि गरेका छन् ।

क्यानडा र अमेरिकाले हालैका महिनाहरूमा चिनियाँ विद्युतीय कार आयातमा १०० प्रतिशतको उच्च कर लगाएका छन् । *रासस/एएफपी*


Government of Nepal
Ministry of Energy, Water Resources and Irrigation
Department of Water Resources and Irrigation

**Irrigation Feasibility Study and Construction Quality Program**

Jawalakhel, Lalitpur

**Notice for Letter of Intention**

Date of Publication: 31st October 2024

This is to notify that, in accordance with clause 38 (2) of Public Procurement Act, 2063, it is hereby notified to all concerned that M/S ECoCoDE-TMS-Paragon JV, Kathmandu has been ranked first in combined evaluation of technical and financial proposal and hence is selected for providing consulting service mentioned below. This notice is issued as an intention to award the contract to M/S ECoCoDE-TMS-Paragon JV JV for the said Consulting Service.

| S/N | Name of Consulting Services | Contract Price (Including VAT & PS ) |
|---|---|---|
| 1 | DETAIL FEASIBILITY STUDY WITH ENGINEERING DESIGN OF SALYANTAR LIFT IRRIGATION PROJECT (DWRI/IFSCQP/ 2080/81/EOI-02). | 23,64,940.70 |

**Biruwa Rural Municipality**
**Office of The Rural Municipal Executive**
Biruwa, Syangja
Gandaki Province, Nepal

**Invitation for Bids**

**First Date of publication: 31st – October -2024, 00:00**

1. Office of The Rural Municipal Executive, Biruwa Rural Municipality, Biruwa, Syangja invites electronic bids only from Nepalese eligible bidders for the contract given in the table below under National Competitive Bidding procedures.

| S N | Contract Identification No. | Name of Project | Estimated Amount (Nrs.) (With VAT and PS) | Bid Security Amount (NRs.) | Cost of Bid Document (NRs.) | Bid Validity Period |
|---|---|---|---|---|---|---|
| 1 | NCB/BRM/WORKS/ 008/2081-82 | Bastara Khola, Mem Khola, Jyagdi Khola Protection Works | 14895202.06 | 373000.00 | 3000.00 | 90 Days |
| 2 | NCB/BRM/WORKS/ 009/2081-82 | Biruwa Khali Road Upgrading Works | 2357859.00 | 59000.00 | 3000.00 | 90 Days |

| Activity | Date | Time |
|---|---|---|
| Submission of Bid | 1st - December -2024 | On or Before 12:00 Hrs |
| Opening of Bid | 1st - December -2024 | 14:00 Hours. |
| **Rajaswa (Revenue) Account No:** | **06300106200003** (Everest Bank Ltd, Biruwa Branch) **sutrarevenue.fcgo.gov.np** | |
| **Dharauti Account No:** | **006300105200050** (Everest Bank Ltd, Biruwa Branch) | |
| **Rajaswa Shirshak No:** | **142290401** (Office Code No: 80443505300) | |

2. Details which are not mentioned on notice are followed by Public Procurement Act and Public Procurement Regulations.
3. Bid Security period shall be 30 days beyond the bid validity period. For further details regarding the notice of Invitation for Bids, interested bidders requested to visit the notice board of Biruwa Rural Municipality Office, Biruwa Syangja or may visit PPMO website :- www.bolpatra.gov.np/egp.

**Chief Administrative Officer**

**साउदी र कुवेतमा रोजगार** कम्पनी : Fillas Fuel company is a one person company

पूर्व स्वीकृति मिति : २०८१/०७/१३ | LT. No. 312862 | चलानी नं. ६०२२७३१३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Drivers | 5 | 0 | 1800 | ६४,६०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : White Silk Company for washing and Ironing on steam

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312996 | चलानी नं. ६०२२७४४२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | delivery light drivers | 5 | 0 | 150 | ६५,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Helper | 1 | 0 | 120 | ५२,७०४ | | | | | | | |

कम्पनी : Boz Aljedy Restaurant and Cafe Company

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313012 | चलानी नं. ६०२२७४४३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Resturant Worker | 6 | 10 | 130 | ५७,०९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १८ गते (4th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Sagarmatha International Employment Pvt. Ltd.**
K.B INTERNATIONAL EMPLOYMENT (P) LTD
Airport, Kathmandu, Nepal. Tel : 015916758/59, Mobile: 9851209638, 9851027865, 9823810701, E-mail:infokbintl@gmail.com Web:www.kbemployment.com

**युएईमा रोजगार** कम्पनी : DOME DZ INTERNATIONAL GENERAL CONTRACTING LLC
शहर : Abu Dhabi

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 313029 | चलानी नं.६०२२७४१४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | ELECTRIC INSULATION WORKER | 50 | 0 | 1000 | ३६,६५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | ELETRICIAN | 6 | 0 | 1200 | ४३,९८६ | | | | | | | |
| 3 | INSULATION WORKER | 1 | 0 | 1600 | ५८,६४८ | | | | | | | |
| 4 | PIPELINE PUMP OPT. | 1 | 0 | 1800 | ६५,९७९ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्था:** रु. १,५००/- कामदार आफैंले **सेवा शुल्क:** १०,०००

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**MINAWA RECRUITMENT H.R. PVT LTD**
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com
Govt.Lic. No 1168/073/074

**युएइमा रोजगार** कम्पनी : HOWDRA EMPLOYMENT SERVICES LLC

पूर्व स्वीकृति मिति : २०८१/०७/१४ | LT. No. 312889 | चलानी नं. ६०२२७३४१

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Building Labour | 50 | 0 | 800 | २९,३०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Carpenter | 50 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 3 | Mason General | 50 | 0 | 1200 | ४३,८४५ | | | | | | | |
| 4 | Steel Fixer | 50 | 0 | 1200 | ४३,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

[illegible]

**MOBHIRA H.R. SERVICE PVT. LTD.**
Gaushala, Bijayachowk, Kathmandu BAGMATI, Tel : +977-1-4588855/4588856, mail: mobhirahr@gmail.com
श्रम इजाजत नं. १००१/०६८/६९

**साउदीमा रोजगार** कम्पनी : BAHRA ADVANCED CABLEMANUFACTURE.CO.LTD

पूर्व स्वीकृति मिति २०८१/०७/१४ | LT. No. 312999 | चलानी नं. ६०२२७४०३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 10 | 0 | 1100 | ३९,३०५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक २२ गते (7th Nov. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**DIKSHYA OVERSEAS PVT. LTD.**
Gov Lic No: 1691/080/081
Airport Street, Sinamangal-9,- Kathmandu, phone: 1-5921232, 9849999020, Email: chiranjivee@dikshyaoverseas.com, Website : www.dikshyaoverseas.com

## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२१६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reach-mond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । बीडलिंक मिडिया प्रा.लि. - पुरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक
National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
| --- | --- | --- |
| प्रति तोला - १७०७०० | प्रति तोला - ० | प्रति तोला - २१२० |



**तिहारको तयारी** | दाङको घोराही उपमहानगरपालिका-१४ झिंगौराका लोकेन्द्र रोका मगरको परिवार सयपत्री फूलको माला उन्दै ।
*तस्बिर: सुशीला ओली/रासस*

# ऊर्जा विकासमा निजी क्षेत्रले थप सहकार्य गर्ने

■ प्रभाव संवाददाता

**काठमाडौं–** सरकारले मुलुकको आर्थिक समृद्धिको प्रमुख आधारका रूपमा ऊर्जा क्षेत्रलाई विशेष महत्व दिएको सन्दर्भमा निजी क्षेत्रले पनि त्यसलाई आत्मसात गर्दै सहकार्य गर्ने घोषणा गरेको छ ।

त्यसका लागि सरकारले नीतिगत, कानुनी र संरचनागत सुधार गरी निजी क्षेत्रलाई थप प्रतिस्पर्धी र व्यावसायिक बनाउनुपर्नेमा जोड दिइएको छ । निजी क्षेत्रको छाता संगठन स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था, नेपाल (इप्पान)ले २५औँ वार्षिकोत्सवलाई ऊर्जा क्षेत्रको सार्थक विकासका लागि विशेष भूमिकासहित वर्षभरी नै कार्यक्रम गर्ने घोषणा गरेको छ । इप्पानमा निजी क्षेत्रका पाँच सय बढी ऊर्जा उत्पादक कम्पनी सदस्य छन् ।

विसं २०५७ माघ ४ गते इप्पान स्थापना भएको हो । इप्पानले विभिन्न आरोह अवरोह पार गर्दै नेपालको ऊर्जा विकासका लागि महत्वपूर्ण २५ वर्ष समर्पित गरेको जानकारी दिँदै अध्यक्ष गणेश कार्कीले देशलाई लोडसेडिङ मुक्त गरी खुद विद्युत् निर्यातकर्ता मुलुक बनाउन आफूहरूको भूमिका रहेको बताए ।

देशको कूल विद्युत् जडित क्षमता तीन हजार दुई सय ३५ मेगावाट पुग्दा निजी क्षेत्रको सहभागितामा मात्रै दुई हजार पाँच सय ४८ मेगावाट अर्थात् कूल जडित क्षमताको करिब ८० प्रतिशत विद्युत् उत्पादन भइरहेको छ । यस्तै, तीन हजार नौ सय ४७ मेगावाट क्षमताका आयोजना निर्माणाधीन अवस्थामा छन् । चार हजार पाँच सय ४५ मेगावाट क्षमताका आयोजनाहरू विद्युत खरिद विक्री सम्झौता (पीपीए) सम्पन्न गरी वित्तिय व्यवस्थापनको पर्खाइमा छन् ।


त्यस्तै १२ हजार ५०० मेगावाट क्षमताका आयोजनाहरू पीपीएको पर्खाइमा छन् भने त्यतिनै क्षमताका आयोजना अध्ययनको विभिन्न चरणमा छन् । यी आयोजनाहरूको अध्ययन देखि निर्माणसम्मका विभिन्न चरणमा निजी क्षेत्रको अगुवाइमामात्रै रु १५ खर्बभन्दा बढी लगानी भइसकेको छ । अध्यक्ष कार्कीका अनुसार, सरकारलाई वार्षिक ठूलो मात्रामा रोयल्टी तिर्दै अर्थतन्त्रमा उल्लेखनीय योगदान दिइरहेको छ । गाउँगाउँमा बाटोघाटो, पुलपुलेसा पुऱ्याउँदै स्थानीयस्तरमा शिक्षा, स्वास्थ्य र पूर्वाधारमा ठूलो रकम सामाजिक उत्तरदायित्व अन्तर्गत निजी क्षेत्रले खर्च गरेको उनको भनाइ छ ।

सरकारले सन् २०३५ सम्म २८ हजार पाँच सय मेगावाट क्षमता बराबरको ऊर्जा उत्पादन गर्ने लक्ष्य निर्धारण गरेको छ । सो मार्गचित्र मन्त्रिपरिषद्मा पुगेको छ ।

मन्त्रिपरिषद्ले निर्णय गरेपछि कार्ययोजना कार्यान्वयनमा आउनेछ । इप्पानले यही कात्तिक १२ गते ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्कालाई ज्ञापनपत्र बुझाउँदै सरकारले तय गरेको लक्ष्य पूरा गर्नका लागि सहजीकरण गरिदिन आग्रह गरेको थियो । मन्त्री खड्काले निजी क्षेत्रले उठाएका सबै मुद्दामा सरकार गम्भीर रहेको बताएका थिए ।

# तल्लो अरूण जलविद्युत् आयोजनाको मुआब्जा वितरण सुरू

**खाँदबारी, (प्रस)–** संखुवासभामा निर्माणाधीन छ सय ६९ मेगावाट क्षमताको अरुण तल्लो जलविद्युत् आयोजनाका प्रभावितलाई मुआब्जा रकम वितरण सुरु गरिएको छ । जिल्ला प्रशासन कार्यालय संखुवासभाले तल्लो अरुण जलविद्युत् आयोजना निर्माणका लागि जग्गा अधिग्रहणमा परेकालाई मुआब्जा दिनका लागि प्रक्रिया अघि बढाएको हो । जिल्ला प्रशासन कार्यालय संखुवासभाका सहायक प्रमुख जिल्ला अधिकारी मोहनमणि घिमिरेले रु पाँच लाखदेखि ३४ लाखसम्म जग्गाको मूल्याङ्कन गरी वितरण सुरु गरिएको जानकारी दिए ।



तल्लो अरुण जलविद्युत् आयोजना बन्ने क्रममा तीन सय ३८ घरधुरी प्रत्यक्ष प्रभावित हुनेछन् । जसमा १६ घर पूर्णरूपमा विस्थापित हुनेछन् । आयोजना निर्माणका लागि करिब ६५ दशमलव ९६ हेक्टर निजी जमिन अधिग्रहण गरिनेछ । प्रभावित स्थानीयलाई करिब रु एक अर्ब ४० करोड मुआब्जा वितरण गर्ने सतलज कम्पनीले जनाएको छ ।

मकालु गाउँपालिकामा निर्माण भइरहेको नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत्को उत्पादनपछि खेर गएको पानीबाट खाँदबारी नगरपालिका-२ चेवाबेसीमा करिब १७ दशमलव चार किलोमिटर सुरुङमार्गबाट पानी ल्याएर तल्लो अरुण निर्माण गर्न लागिएको एसजेभीएन लोअर अरुण पावर डेभलपमेन्ट कम्पनीका उपमहाप्रबन्धक आरसी सुलेरियाले बताए । सतलजले अहिले नौ सय मेगावाटको अरुण तेस्रो जलविद्युत् आयोजना निर्माण गरिरहेको छ ।

# गैंडाकोटले सयपत्री फूल जिल्ला बाहिर पठाउँदै

**नवलपुर (नवलपरासी)–** नवलपरासी (बर्दघाट-सूस्तापूर्व) को गैँडाकोट नगरपालिकाभित्र यसवर्ष सयपत्री फूलखेती फस्टाएको छ । यहाँ उत्पादित सयपत्री फूल स्थानीय बजारका साथै गरी छिमेकी जिल्लामासमेत पठाउने गरिएको नगरपालिकाको कृषि शाखाले जनाएको छ ।

नगरपालिकाले फूलको बीउमा अनुदान तथा प्राविधिक सहयोग गरेपछि फूलको उत्पादन वृद्धि भएको हो । यसवर्ष स्थानीय फूलको माला प्रवर्द्धन गर्न नगरपालिकाले प्लास्टिकका मालाको आयात बन्द गरेपछि किसानले उत्पादन गरेका फूल बढी खपत भएको गैँडाकोट-१ की पुष्प व्यवसायी मीना केसीले बताइन् । विगतको वर्षको तुलनामा यसवर्ष फूलको उत्पादन बढी भएकाले स्थानीय बजारका साथै जिल्ला बाहिरबाट समेत माग आएको उनले उल्लेख गरिन् ।



'बारीमा ढकमक्क फूल फुलेको छ, तिहार भर्खरै सुरु भएको छ', उनले भनिन्, 'तिहारको अवधिमा यहाँको सबै फूल खपत हुनेमा विश्वस्त छौँ ।' एक्लो प्रयासमा तीन कट्ठा क्षेत्रफलमा फूलखेती गरेको भन्दै केसीले बीउमा अनुदान तथा फूलमा रोगकीरा लागेमा सोको व्यवस्थापनका लागि नगरपालिकाले प्राविधिक सहयोग गरिरहेको बताइन् ।

फूलखेती गर्न मेहनत धेरै गर्नुपर्ने भए पनि फूल बिक्री हुँदा नोक्सानी नहुने केसीले बताइन् । गैँडाकोटमा उत्पादन भएको सयपत्री फूलको माला प्रतिगोटा रु ६० देखि रु एक सयसम्म तथा फूल प्रतिकिलो रु तीन सय ५० देखि रु पाँच सयसम्ममा बिक्री हुने गरेको उनले जानकारी दिइन् ।

फूल आवश्यक पर्ने व्यक्ति तथा संस्थाले आफूहरूलाई सम्पर्क गरेर माग गर्ने गरेका भन्दै आजदेखि भने आमउपभोक्तालाई लक्षित गरी फूल टिप्न सुरु गरिएको केसीले बताइन् । 'तिहारका लागि फूलको माग आइरहेको छ', उनले भनिन्, 'आजदेखि फूल टिपेर सर्वसाधारणका लागि पनि बिक्री वितरण गर्ने गरी तयारी गरेका छौँ ।'

गैँडाकोटमा सयपत्री फूलको उत्पादन राम्रो हुने भएकाले किसानलाई फूलखेतीमा आकर्षण गर्न अनुदान दिन सुरु गरिएको नगरपालिका कार्यालयले जनाएको छ । नगरपालिकाका कृषि विकास शाखा प्रमुख राजुप्रसाद शर्माले सयपत्रीको उन्नत जातको बीउ लगाउँदा यस वर्ष राम्रो उत्पादन भएको बताए । 'हामीले सयपत्री फूलको बीउमा बिलको आधारमा ५० प्रतिशत अनुदान दिएका छौँ', उनले भने, 'फूलखेतीको नियमित हेरचाह र रोगकीराको सङ्क्रमण देखिँदा किसानलाई प्राविधिक सहयोग समेत गर्दै आएका छौँ ।'

कृषि विकास शाखा प्रमुख शर्माकाअनुसार यसवर्ष गैँडाकोट नगरपालिकाभित्र मात्रै ४१ जना किसानले एक कट्ठादेखि एक बिघा जमिनमा व्यावसायिक सयपत्री फूलखेती गरेका छन् । 'व्यावसायिक रूपमा खेती गरेका किसानले पाँच बिघा भन्दा बढी क्षेत्रफलमा सयपत्री फूलको खेती गरेका छन्', उनले भने, 'व्यक्तिगत प्रयोजनका लागि समेत यहाँ फूलखेती गरिने हुँदा नगरपालिकाभित्र करिब आठ बिघा क्षेत्रफलमा फूलखेती भएको छ ।'

यहाँ उत्पादन भएको फूल स्थानीय बजारमा पर्याप्त भएर नारायणगढ, कावासोती, काठमाडौँ, पोखरा, बुटवललगायत सहरमा पठाउन पालिकाले समन्वय गरिरहेको शर्माले जानकारी दिए । नगरपालिकाले तीन वर्ष अघि व्यावसायिक रूपमा फूलखेती गर्न किसानलाई आकर्षित गरेको उल्लेख गर्दै उनले त्यसपछिका वर्षमा किसानलाई तालिम, बीउ र बिरुवामा अनुदान, प्राविधिक सहयोग नियमित गर्दै आएको बताए । गैँडाकोटमा फूलखेतीका लागि उपयुक्त माटो र हावापानी भएकाले आगामी वर्षमा उत्पादनसँगै क्षेत्रफल बढाउन किसान लक्षित विभिन्न कार्यक्रम ल्याउने योजना रहेको कृषि विकास शाखा प्रमुख शर्माले जानकारी दिए । यहाँ व्यक्ति तथा समूहले व्यावसायिक रूपमा सयपत्री फूलखेती गर्दै आएका छन् । *रासस*

**बचत गरौं, उद्यमशील बनौं**

- बचत गरौं, सुनौलो भविष्यको आधार निर्माण गरौं
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यावसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्यलगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मद्दत गर्छ ।

**त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको रकमलाई उद्यमशीलतामा लगाऔं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ